अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : ४३ / २०८३ जेठ २२ गते शुक्रबार / नेपाल सम्वत ११४६ / June 5, 2026 / मूल्य रू. १०/-

## सभामुखको व्यवहार असंसदीय लोकतन्त्र संकटमा ?

काठमाडौ । जेष्ठ १७ गते प्रतिनिधिसभाको बैठकमा भएको हर्कतको जिम्मेवारी प्रतिनिधिसभाका सभामुख डोल प्रसाद अर्यालले लिनुपदछ । सो दिन आइतबार राति पौने ९ बजे विपक्षी दलका सांसदहरूले सभामुख आसनको टेबल तानेर फालिदिए । मर्यादा पालकहरूले कुर्सीको कुसनले सभामुख अर्यालमाथि आक्रमण हुनबाट जोगाएका थिए । सभामुख अर्यालले बहुमतको सरकार र अल्पमतमा रहेका विपक्षी दलहरूका संसद भने विश्वव्यापी सिद्धान्तलाई भुलेर सत्तापक्षको बचाउन गर्ने प्रयास गरेका हुनाले सो दिन दुखद घटना घटेको थियो । त्यही दिन किन राति संसदको नियमावली पारित गर्नुपर्ने बाध्यता सभामुखलाई किन भयो ?

त्यही दिन संसदमा सांसदहरूले कुर्सी उचालेर फाले । विपक्षी दल एमालेका प्रमुख सचेतक ऐन महराले सत्ता पक्षले

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## संविधान ठुलो कि संसदको नियमावली ?

काठमाडौ । गत आइतबार १७ गते बसेको प्रतिनिधिसभाको बैठकले प्रतिपक्षी दलहरूको चर्को विरोधका बीचमा संसदको नयाँ नियमावली पारित गरेको छ । यसरी प्रतिपक्षी दलहरूको विरोधका बीचमा पारित गरिएको नियमावलीमा राखिएका केही व्यवस्थाले संसदलाई संविधानभन्दा माथि राखेर विशेष कानुनी हैसियत दिन खोजिएको छ ।

सत्तापक्षका सांसदहरूको विशेष जोडबलमा पारित गरिएको नियमावलीो २५९ मा सांसद समिति र प्रतिनिधिसभासम्बन्धी विषयमा यो नियमावली संघीय कानुन सरह हुने व्यवस्था गरिएको छ । यो नियमावली अन्य कानुनसँग बाभिएपनि प्रतिनिधिसभाको हकमा सोही नियमावलीलाई आधार मान्न सकिने व्यवस्था गरिएको

>>> बाँकी ८ पेजमा

## सरकारले जनतालाई सिधै ढाँट्यो विद्युतको विषयमा

काठमाडौ । जेष्ठ १५गते संसदमा बजेट प्रस्तुत गर्दै अर्थमन्त्री स्वर्णिम वाग्लेले नेपालमा ५० युनिट विद्युत खपत गर्नेको संख्या १२ लाख मात्र रहेको बताएका थिए । तर विद्युत प्राधिकरण प्राधिकरणको तथ्याँकले अर्थमन्त्रीको भनाईलाई झुठ सावित गरिदिएको छ । ५० युनिट भन्दा बढी खपत गर्नेलाई ५ प्रतिशत भ्याट लगाउने उद्घोष मन्त्री वाग्लेले गरेका थिए ।

विद्युत प्राधिकरणको तथ्याँक अनुसार ५० युनिट भन्दा बढी विद्युत खपत गर्ने घरऱ्यासी ग्राहक २६ लाख भन्दा बढी रहेको प्राधिकरण प्रवक्ता राजन ढकालले नै पुष्टि गरेका छन् । २० युनिटसम्म खपत गर्ने ग्राहक १९ लाख ९८ हजार र ३० युनिट खपत गर्ने ४ लाख २१ हजार र ३१ देखि ५० युनिटसम्म खपत गर्ने ६ लाख १५ हजार रहेका छन् । त्यसैगरी ५१ देखि १ सय युनिट

>>> बाँकी ८ पेजमा

# आयोगको प्रतिवेदन नै प्रतिशोधपूर्ण

## मानव अधिकार आयोगले नै पश्चतादर्शी कानुन बनाउ भन्नुको रहस्य के ?

काठमाडौ । गत भाद्र २३ र २४ गते भएको घटनालाई एउटै डालोमा राखेर अघि बढ्ने बालेन सरकारको निर्णय आफैँमा गलत रहेको छ । २३ गते भएको घटनालाई लिएर २४ गते विध्वसात्मक कार्यहरु भए । २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनलाई उग्र रूपमा पुऱ्याउने व्यक्ति र संस्था को को हुन् भन्ने प्रष्ट नगरि गौरीबहादुर कार्की आयोगले एकलौटी रूपमा तत्कालिन प्रधानमन्त्री केपी ओली सहित तत्कालिन गृहमन्त्री रमेश लेखक लगातका केही व्यक्तिलाई दोषी देखाउनु गम्भीर गल्ती थियो ।




आयोगका अध्यक्ष कार्कीले निष्पक्ष भूमिका निभाउनुको सट्टा उनीहरूलाई अपराधी करार गरेका थिए । भाद्र २३ गते पानी बाँड्न आएको बताउने सुधन गुरूङका बारेमा किन कार्की आयोग मौन रह्यो ? सुशिला कार्की भाद्र २७ गते प्रधानमन्त्रीमा नियुक्त हुनुभन्दा अगाडि नै उनैले ओली सहितका व्यक्तिहरूलाई कानुनी कठघरामा उभ्युनपर्ने बताउँदै आएका थिइन् भने हालका प्रधानमन्त्री तथा तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहले सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस् नै लेखेका थिए । भाद्र २३ र २४ गतेको आन्दोलनमा बालेन साहको भूमिका के थियो ? त्यस विषयमा किन अनुसन्धान नै भएन ?

भाद्र २४ गते मुलुकका प्रमुख संस्थाहरु सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारकी निवास लगायत मन्त्री क्वाटर, सडक विभाग, अदालतहरु र राजनीतिक दलका शिर्ष नेताहरूका घर छानीछानी ध्वस्त बनाइयो । व्यवस्थापिका भवनहरु जलाइयो । जेनजीहरूलाई देखाएर विध्वसात्मक कार्य गर्नेहरु नै अहिले सत्तामा रहेका छन् । उक्त घटनाको अनुसन्धान गर्न मानवअधिकार आयोगले बनाएको समितिले समेत गौरीबहादुर कार्कीकै जस्तो एकलौटी प्रतिवेदन तयार गरि सरकारलाई बुझाएको छ ।

सो प्रतिवेदनमा प्रधानमन्त्री बालेनको भूमिका के थियो भनेर कहिँ कतै केही उल्लेख गरेको छैन । भाद्र २३ गतेको घटनापछि बालेनले अब नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर भनेर स्टाटस लेखेका थिए र २४ गते विध्वसात्मक कार्य गर्ने रणनीतिमा लागेका व्यक्तिहरूलाई उकासिरहेका स्टाटसहरु लेख्दै आएका थिए तर त्यस विषयमा कार्की आयोग र राष्ट्रिय मानवअधिरकार आयोगले एक शब्दसम्म नबोल्नु भनेको पुराना राजनीतिक दलका नेताहरूप्रति प्रतिशोध साँध्नु नै हो ।

सर्बोच्च अदालतले बेला बेलामा लिएका निर्णयहरूलाई समेत कार्की आयोग र मानवअधिकार आयोगको छानविन समितिले नजर अन्दाज गर्दै एकतर्फी रूपमा आ आफ्ना प्रतिवेदनहरु बनाएका

>>> बाँकी ८ पेजमा

## पैसा हुने पढ, पैसा हुनेले उपचार गर, **नहुने मर, नपढ** !

काठमाडौ । जेष्ठ १५ गते अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले संघीय संसदमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८३/८४ को बजेटमा उल्लेख गरिएको निजी क्षेत्रबाट सञ्चालित भएका शिक्षण संस्था र स्वास्थ्य संस्थामा सेवाग्राहीले तिर्ने सबै प्रकारका शुल्कमा ३ प्रतिशत कर लगाउने व्यवस्थाको जनस्तरबाटै व्यापक विरोध भएको छ ।

संविधानले स्वास्थ्य र माध्यामिक तहसम्मको शिक्षालाई निशुल्क भनेको छ । सरकारी अस्पतालमा उपचार गराउन समय लाग्ने र सो समयसम्म विरामीको हालत नाजुक हुने भएकाले विरामीहरु निजी अस्पतालमा उपचार गराउन बाध्य भएका छन् । निजी स्वास्थ्य संस्थाहरु ज्यादै महंगो भएको आवाज जनताल उठाइरहेका बेला सरकारले नै सबै प्रकारको सेवामा ३ प्रतिशत कर असुलउपर गरेर सरकारलाई बुझाउने निजी क्षेत्रका शिक्षण संस्था र स्वास्थ्य संस्थालाई फरमान जारी गरेको छ ।

संविधानले माध्यामिक तहसम्मको शिक्षालाई नि:शुल्क भनेको छ तर नागरिकको शिक्षा पाउने अधिकार स्वास्थ्य उपचार गर्न पाउने अधिकारलाई बञ्चित गरेर महंगो पार्न सरकार नै किन लागि रहेको छ । रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको ३ महिना नपुग्दै सरकार जनताको हित विपरित कार्य गर्न

>>> बाँकी ८ पेजमा

## बहुमतको दम्भमा सभामुखको भूमिकामाथि नै प्रश्न ?

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसद प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकारले र रास्वपाले संसदलाई पेलेरै अघि बढ्ने रणनीति लिएको जस्तो देखिएको छ । प्रधानमन्त्री बालेन साह ससदप्रति उत्तरदायी हुन सकेका छैनन् भने रास्वपाको संस्थापक नेता रहेका डोल प्रसाद अर्याल सभामुख रहेकाले उनले समेत विपक्षी दलहरूलाई पेलेरै अघि बढ्ने रणनीति लिएको जस्तो देखिएको छ ।



संसदीय प्रणालीमा बहुमतको सरकार र अल्पमत अर्थात विपक्षी दलको संसद भने मान्यता रहेको छ । तर संसदमा विपक्षी दलहरूको संख्या कम रहेकाले झण्डै दुई तिहाईको दम्भ देखाएर संसदको बैठक सञ्चालन गर्ने रणनीतिमा स्वयम् सभामुख लागेको आभाष पाउन थालिएको छ । संसदमा सांसदहरूले उठाएका प्रश्नको जवाफ प्रधानमन्त्रीले दिनुपर्ने विश्वव्यापी मान्यता रहेको भएपनि सभामुखले प्रधानमनत्रीलाई संसदमा उठेका प्रश्नको जावफ दिन प्रधानमन्त्रीलाई निर्देशन दिन सकेका छैनन् । संसदबाटै प्रधानमन्त्री चुनिएका प्रधानमन्त्रीले संसदलाई वेवास्ता गर्नु र सांसदहरूले उठाएका

>>> बाँकी ८ पेजमा

# प्रधानमन्त्रीको भनाईप्रति रास्वपाको धारणा के ?

काठमाडौ । प्रधानमन्त्री बालेन साह हत्तपत्त संसदमा उपस्थित नै हुन चाहँदैनन् । संसदमा उपस्थित भएर सांसदहरूले उठाएका प्रश्नको उत्तर दिन नचाहने प्रधानमन्त्री साहले जेष्ठ १७ गते संसदमा अचानक उपस्थित भएर विवादास्पद अभिव्यक्ति दिएका छन् । उनले सांसदहरूले लिखित रूपमा राखेको प्रश्नको उत्तर दिँदै भारतले मात्र होइन नेपालले समेत भारतको भूमि मिचेको अभिव्यक्ति दिएपछि त्यसको चौतर्फी विरोध भएको छ । संसदमा रहेका विपक्षी दलहरु संसद बाहिर रहेका राजनीतिक दल, कुटनीतिज्ञहरु र सिमाविद् हरूले समेत प्रधानमन्त्री साहको उक्त भनाईको तिव्र विरोध गरेका छन् ।



प्रधानमन्त्री साह नेपाल भारत सीमा सम्बन्धी अभिव्यक्ति विवादमा तानिएका हुन् । लिम्पियाधुरा, कालापानी र लिपुलेक बारे सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री साहले नेपालले पनि धेरै ठाउँमा भारतीय भूमि मिचेको अभिव्यक्ति दिएका थिए । प्रधानमनत्री साहको यो अभिव्यक्तिलाई लिएर संसदभित्र र संसद बाहिर पनि तिव्र आलोचना भएको छ । प्रधानमन्त्री साहले आफू प्रधानमन्त्री भएपछि मात्र भारतको भूमि नेपालले मिचेको मैले थाहा पाएको हुँ भारतको थुप्रै जग्गा नेपालले मिचेको रहेछ प्रधानमन्त्री साहले संसदमा जेष्ठ १७ गते भनेका थिए ।

प्रधानमन्त्रीको उक्त अभिव्यक्तिलाई लिएर चारैतिरबाट तिव्र असन्तुष्टि जनाइएको छ । सांसदहरूले प्रधानमन्त्री साहको उक्त अभिव्यक्ति संसदको

>>> बाँकी ८ पेजमा

## सम्पत्ति फुकुवा नभएसम्म वार्तामा नबस्ने इरानी अडान !

काठमाडौं । संयुक्त राज्य अमेरिका र इरानबीच जारी कूटनीतिक वार्ता इरानले प्रारम्भिक चरणमै रोकिएको सम्पत्ति (फ्रोजन एसेट्स) फुकुवा गर्नुपर्ने अडान लिएपछि जटिल मोडमा पुगेको छ ।

द जेरूसेलम पोस्टका अनुसार इरानले अरबौं डलर बराबरको रोकिएको सम्पत्तिमध्ये नगद रकम सम्झौताको पहिलो चरणमै उपलब्ध गराउनुपर्ने माग राखेको छ । पछिल्ला दिनहरूमा अन्तर्राष्ट्रिय मध्यस्थकर्ताहरूले सहमति खोज्ने प्रयास गरे पनि उल्लेखनीय प्रगति हुन सकेको छैन ।

इरानी वार्ताकारहरूले कुनै ठोस कदम चाल्नुअघि नै पहिलो चरणमा रकम फुकुवा हुनुपर्ने अडान कायम राखेका छन् । यता

>>> बाँकी ८ पेजमा

# The ceasefire stalemate

**Majid Nabi Burfat**

The proposed 60-day US-Iran ceasefire memorandum has not collapsed under the weight of diplomatic friction; rather, it has entered a state of calculated suspension. Observers who view the current diplomatic deadlock as a mere breakdown in communication are misinterpreting the theater of modern conflict. In the realm of geopolitical realism, this impasse is a deliberate, structural maneuver designed by Washington to buy time. Caught within a self-inflicted domestic trap, the White House is using the facade of ongoing negotiations to delay a strategic choice it is utterly unprepared to make. The illusion of an easy "off-ramp" has dissolved, leaving an administration caught between the rigid ideological demands of its base and the unforgiving economic realities of the ground.

At the heart of the current gridlock sits Donald Trump's primary political dilemma: he is trapped by the very architecture of his own political base. The hardline Republican "Hawks"—ideologues who view any negotiated settlement with Tehran as an existential sign of American weakness—have systematically boxed the administration into a corner. After eleven months of a punishing naval blockade and relentless economic warfare, the White House finds itself in the precarious position of having absolutely nothing tangible to show the American electorate. To sign a compromise-heavy ceasefire now would be painted domestically as an outright capitulation.

This political vulnerability is compounded by an impending symbolic deadline. On July 4, 2026, the United States will celebrate its historic 250th Anniversary of American Independence. The White House is desperate to project an image of undisputed global primacy on this monumental anniversary. Celebrating two and a half centuries of American power against the backdrop of a messy, unresolved Middle Eastern quagmire—where a regional power successfully resisted Washington's maximum pressure campaign—is a political nightmare the administration will do anything to avoid.

Devoid of a viable, dignified exit strategy, Washington has resorted to a textbook campaign of coercive diplomacy. This strategy was on full display at the recently concluded Shangri-La Dialogue in Singapore, where US Secretary of Defense Pete Hegseth took the podium to deliver a highly aggressive ultimatum. Hegseth's rhetoric regarding the readiness of the "War Department" and Washington's expansive "ammunition production capacity" was not an indication of an imminent, full-scale invasion; it was a loud, theatrical bluff designed to force concession through intimidation. By projecting an absolute, unyielding willingness to escalate, the US administration hopes to buy valuable time, attempting to frighten Tehran into accepting a unilateral text that demands the complete dismantling of its nuclear program and unrestricted Western oversight of the Strait of Hormuz. It is diplomacy under the shadow of the gun, executed precisely because Washington knows its hand on the ground is far weaker than it appears.



The reality beneath this aggressive posture is a ticking economic time-bomb that threatens to trigger a devastating domestic backlash. The average American household has already absorbed a punishing $500 increase in monthly energy and living costs directly tied to the prolonged Middle East conflict. Economic forecasting warns that if this localized brinkmanship spills over into a hot, uncontained war, those household expenses will skyrocket to a devastating $2,000 per family annually. For a president whose political brand is built on economic populism and domestic revitalization, forcing the American middle class to subsidize an expensive, pointless war in the Middle East is political suicide. The public backlash would destroy the administration's domestic standing, proving that while the hawks want war, the American consumer cannot afford it.

This volatile mix of a diplomatic bluff and economic panic explains the erratic, violent events now unfolding on the water. Even as peace talks supposedly continue behind closed doors, the U.S. military has escalated its kinetic actions, recently striking a commercial cargo ship attempting to breach the naval blockade to reach Iran. This aggressive interception was met with swift, asymmetric retaliation, as regional forces launched targeted missile strikes against U.S. naval vessels in the Gulf of Oman and adjacent waters. These live-fire exchanges reveal the fundamental flaw in Washington's time-gaining strategy: when you play a high-stakes game of bluff with live ammunition, the risk of miscalculation is total.

The strategic runway for Washington's delaying tactics has effectively run out. The United States can no longer mask its strategic vulnerability behind aggressive rhetoric or theatrical military posturing. This conflict has transcended the metrics of military hardware, evolving into a severe trial of psychological and domestic endurance. As the 250th anniversary approaches, the White House faces a definitive crossroads. It can either remain a hostage to the hawkish elements of domestic politics—plunging the American middle class into a devastating $2,000 economic trap—or it can adjust to a multipolar reality, finalize a genuine ceasefire, and execute its long-delayed pivot toward the Indo-Pacific. Prolonging the stalemate is no longer an option; the bluff has been called, and the time for a hard geostrategic pivot is now.

# कोशीमा खर्च हुनै सकेन पर्यटन प्रवर्द्धन गर्न छुट्याएको बजेट

मोरङ कोशी प्रदेश सरकारले चालू आर्थिक वर्ष ०८२/८३ लाई कोशी पर्यटन वर्षका रूपमा मनाउने घोषणा गरेको थियो । भव्य कार्यक्रमबिच भ्रमण वर्षको उद्घाटन पनि भयो । तर, छुट्याइएको बजेट पनि खर्च गर्न नसकेपछि पर्यटनका ४० कार्यक्रममा १० वटा पनि हुन सकेनन् । असफल भएको चालू आवको पर्यटन वर्षको समीक्षा नगरी नयाँ भ्रमण वर्षका रूपमा कोशी सरकारले पुनः नीति तथा कार्यक्रम ल्याएको छ ।

आर्थिक वर्ष ०८३/८४ को नीति तथा कार्यक्रममा ०८३ साउनदेखि ०८५ असारसम्मलाई 'कोशी प्रदेश भ्रमण वर्ष'का रूपमा मनाइने उल्लेख गरिएको छ । भ्रमण वर्ष मनाउन आन्तरिक, अन्तरप्रदेश तथा विदेशी पर्यटकलक्षित गतिविधि गरिने कार्यक्रममा उल्लेख छ ।

पर्यटन प्रवर्द्धनका लागि चालू आर्थिक वर्षमा ५० करोड चार लाख बजेट विनियोजन भएको थियो । तर, पर्यटन वर्षका लागि मात्रै होइन, समग्र कोशीको पर्यटन प्रवर्द्धनका लागि चालू आर्थिक वर्षमा वैशाख मसान्तसम्म छुट्याइएको रकमको २१ दशमलव ५१ प्रतिशत मात्रै खर्च भएको मन्त्रालयको तथ्यांक छ । १० महिनामा १० करोड आठ लाख ४१ हजार पाँच सय ४९ मात्रै बजेट खर्च भएको छ । पर्यटन प्रवर्द्धनका लागि छुट्याइएको ४० शीर्षकमध्ये १० शीर्षकमा मात्रै खर्च भएको छ । मन्त्रालयका अनुसार कोशी पर्यटन वर्षका लागि ८८ लाख ४० हजार विनियोजन भएकोमा ४८ लाख ९० हजार खर्च भएको छ । यस्तै, टिटिडिपी परियोजना व्यवस्थापनमा सात लाख १० हजार छुट्टिएको भए पनि हालसम्म खर्च ९४ हजार नौ सय ९९ मात्रै बजेट खर्च भएको छ । पर्यटन प्रवर्द्धनका लागि प्रचार सामग्री उत्पादन र वितरण २० लाख छुट्याइएकोमा दुई लाख ९५ हजार खर्च भएको मन्त्रालयले जनाएको छ । यस्तै, उपहारजन्य सामग्री छपाइ खरिद तथा उत्पादनमा छुटिएको पाँच लाखमध्ये तीन लाख ३५ हजार, एक सय ४६ खर्च भएको छ । विभिन्न स्थानीय राष्ट्रिय, अन्तर्राष्ट्रिय मेला, पर्यटन मार्ट र महोत्सवहरूका सहगगिताका लागि छुट्याएको ८० लाखमध्ये खर्च २३ लाख ९७ हजार चा सय २२ रूपैयाँ खर्च भएको छ । पर्यटनसम्बद्ध विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्था तथा व्यक्तिसँग बैठक-अन्तर्क्रियाका लागि छुट्याइएको पाँच लाखमध्ये २७ हजार मात्रै खर्च भएको देखिएको छ । कोशी पर्यटन प्रवर्द्धनका जिल्लागत विविध कार्यक्रम सञ्चालनमा छुट्याइएको ३२ लाखमध्ये १८ लाख खर्च भएको मन्त्रालयले जनाएको छ ।

यस्तै, धार्मिक, सांस्कृतिक पर्यटन प्रवर्द्धन कार्यक्रममा प्रायोजन-सहयोग-सहकार्यका लागि छुट्याइएको ३० लाखमध्ये पाँच लाख ९३ हजार आठ सय २९ खर्च भएको छ । पर्यटन प्रवर्द्धनमा युवा स्वयंसेवक परिचालनमा छुट्याइएको १० लाखमध्ये २५ हजार सात सय ४० रूपैयाँ खर्च भएको मन्त्रालयले जनाएको छ ।

बजेट विनियोजन गरे पनि कार्यन्वयन गर्ने सरकारी संयन्त्र गठन गर्ने, पर्यटनजन्य कार्यक्रम कार्यान्वयन गर्ने निकाय सीमित हुँदा उपलब्धि हासिल हुन नसकेको मन्त्रालय स्रोतको भनाइ छ । पर्यटन क्षेत्रको पूर्वाधारतर्फ पर्यटन पूर्वाधार विकास आयोजना विराटनगर छ, जसले कोशी प्रदेशका १४ वटै जिल्लालाई हेर्छ । प्रवर्द्धनतर्फ साबिक मेचीका चारवटा जिल्ला झापा, इलाम, पाँचथर र ताप्लेजुङ पर्यटन कार्यालय काँकडभिट्टा र साबिकको कोशी र सगरमाथाको पर्यटन धरानले हेर्ने गर्छ ।

कोशी प्रदेशसँग खर्च गर्ने संयन्त्र र सार्वजनिक खरिद ऐनका कारण पर्यटनको क्षेत्रमा खर्च हुन नसकेको कोशी प्रदेश सरकारले पर्यटन वर्ष मनाउन बनाएको निर्देशक समिति सहसंयोजक भविषकुमार श्रेष्ठ बताउँछन् । 'पर्यटन वर्ष मनाउन बजेट विनियोजन भयो । तर, खर्च गर्ने मेकानिजम रहेनछ । खर्च गर्ने प्रक्रिया नीतिले समस्या बनायो । सार्वजनिक खरिद ऐनले पनि समस्या बनायो । मन्त्रालयको प्रक्रिया झन्झटिलो हुने रहेछ । प्रदेशकै मन्त्रालयबिचमा समन्वय अभाव रहेछ,' उनी भन्छन्, 'कर्मचारीमा पनि आलटाल गर्ने समस्याले गर्दा खर्च नै हुन सकेन । पर्यटन प्रवर्द्धनका सवालमा संघ र प्रदेश सरकारबिच समन्वय छैन । केही काम त भयो । तर, सेचेजस्तो हुन सकेन ।' प्रदेश सरकारले भारत गएर प्रचार गर्न नपाउँदा पनि समस्या भएको उनको भनाइ छ । यद्यपि पर्यटन वर्षमा कोशीमा रहेका होमस्टे, होटेललगायतको पहिचान भएको उनले बताए ।

प्रदेश सरकारले पर्यटनको पूर्वाधार निर्माण नगरी बजेट कनिका छरेजस्तो गर्दा पनि पर्यटन प्रवर्द्धनमा समस्या भएको नेपाल एसोसिएसन फर टुर एन्ड ट्राभल्स एजेन्ट कोशीका अध्यक्ष पुण्यप्रसाद भट्टराई बताउँछन् ।

# बजेटलाई सघाउने राष्ट्र बैंकको प्रतिबद्धता


आगामी आवको बजेटले निर्धारण गरेको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्न राष्ट्र बैंकले सघाउने नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक एवं प्रवक्ता गुरुप्रसाद पौडेलले बताएका छन् । नेपाल आर्थिक पत्रकार संघ (नाफिज)ले सोमबार आयोजना गरेको 'पोस्ट बजेट अन्तर्क्रिया'मा बजेटले राखेको सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्य पूरा गर्न आवश्यक पर्ने तरलता व्यवस्थापन गर्ने र मुद्रास्फीतिलाई ६ प्रतिशतभित्रै सीमित राख्ने गरी राष्ट्र बैंकले नीतिहरू तर्जुमा गर्ने उनले बताए । वर्तमान असाधारण परिस्थितिलाई सम्बोधन गर्न सरकारलाई महत्वाकांक्षी बजेट ल्याउने दबाब र आवश्यकता रहेको उल्लेख गर्दै उनले सुशासन, डिजिटलाइजेसन र विद्युतीकरणलाई प्राथमिकता दिएकाले अर्थतन्त्रमा सकारात्मक 'सिनर्जी' आउने विश्वास व्यक्त गरे ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आगामी आर्थिक वर्षको बजेटमा ५० युनिटभन्दा बढी विद्युत् खपत गर्ने उपभोक्तालाई लगाइएको पाँच प्रतिशत मूल्य अभिवृद्धि कर (भ्याट)बाट सरकार पछाडि नहट्ने स्पष्ट पारेका छन् । उनले विगतका सरकारले छुनसमेत नसकेको क्षेत्रमा उपभोगमा आधारित करको नयाँ अभ्यास थालिएको बताए । उनले भने, 'बिजुलीमा भ्याट आयो, आउँछ । यसबाट सरकार पछाडि हट्दैन ।' तर, उपभोक्तालाई मार पर्न नदिन आगामी साउनदेखि नै विभिन्न सहुलियतका विकल्प ल्याइने आश्वासन उनले दिए ।

यस्तै, ५० लाख रूपैयाँभन्दा कम मूल्यका गाडीमा कर नबढाउन प्रधानमन्त्रीबाटै निर्देशन आएको र सोहीअनुसार गरिएको उनले बताए । हाल एक करोडसम्मका इभी चढ्नु विलासिता भएको विषय सबैले स्वीकार गर्नुपर्ने उनको भनाइ छ । यसअघि किलोवाटका आधारमा गाडी आयात गर्दा महालेखा परीक्षकले प्रश्न उठाएका कारण व्यवसायीहरू तनावमा रहेकोमा अहिले मूल्यका आधारमा कर लगाउँदा अटो व्यवसायीले राहत महसुस गरेको उनले दाबी गरे ।

नेपाल उद्योग परिसंघका अध्यक्ष वीरेन्द्रराज पाण्डेले बजेटले निजी क्षेत्रको मनोबल बढाउने र बजारमा घटेको उपभोग्य वस्तुको मागलाई सम्बोधन गरी अर्थतन्त्र चलायमान बनाउने बताए । परिसंघले माग गर्दै आएको आयकर ऐनको दफा ५७ को संशोधन स्वागतयोग्य भएको उनले उल्लेख गरे । त्यस्तै, सरकारले तीन सय ६० वटा वस्तुबाट अन्तःशुल्क हटाउँदा 'कस्ट अफ बिजनेस' घट्ने उनले बताए ।

# हामीलाई विश्वास गर्नोस्, बालेनले देश बनाउँछन् ?



• राजन कार्की
rajan2012karki@yahoo.com

बालेनले देश बनाउँछन् कि ३ महिनामै हराउँछन्, सडक र संसदमा प्रतिपक्षीले गरेको उग्रविरोधले अनेक प्रश्न उठाएका छन् । बालेन सही छन् र बालेन देश घातक हुन् भन्ने दुई धार राजनीतिक धरातलमा जमजमाइरहेका छन् । झट्ट हेर्दा झन्डै दुई तिहाईको सरकारलाई ५ वर्ष कुनै विपक्षीले हल्लाउन पनि सक्ने देखिदैन । तर राष्ट्रघाती भनेर अपमानको अगेनामा डढाउँदा डढाउँदै बालेन साह कालाम्मे हुने हुन् कि भन्ने खतरा पनि छ । यद्यपि बालेन साह राष्ट्रघाती होइनन्, उनले नेपाल भारतवीच रहेको सीमा समस्या सधैं किचलोको विषय राख्नु हुन्न भनेर टुङ्ग्याउने तुरूप खेलेका छन् । कहिले कहिले तुरूपको एक्का पनि एक्लो बृहस्पतिझैं झूठा हुने जोखिम रहन्छ । यद्यपि यही बेला पार्टी सभापति रवि लामिछाने भारत भ्रमण गरेर सीमा समस्या टुङ्ग्याउन मूल भूमिका निर्वाह गरेर फर्किएका छन् । भारतको सत्तारूढ दल र सरकारसँग विशेष महत्वको वार्ता गरेर फर्किएका रास्वपा सभापतिबाट भारतसँग सधैं शिर निहुराउने, लम्पसार पर्ने पार्टी, नेताहरु आश्चर्यमा परेका छन् । यो घटनाले प्रम बालेन साहलाई सुरक्षित निरन्तरताका लागि कति लाभदायक शिद्ध हुने हो, त्यो जेठ २५ गते बस्ने संसदको बैठकमा सहमति कायम हुन्छ वा हुन्न, विपक्षीको कडा रूख नरम हुने वा होइन, प्रम बालेन साहले कुन रूपमा आफूलाई संसदमा उभ्याउँछन्, त्यसबाट निर्क्यौल निस्कन सक्नेछ ।

संविधानविद, विज्ञहरु प्रम बालेन साह झुक्छन्, हार खान्छन् भन्ने विश्वास गर्दैनन् । रास्वपाले पनि पार्टी नेतृत्वको सरकारलाई सुरक्षित राख्न अहम् भूमिका खेल्ने निश्चत छ ।

हो, यही भनेका थिए रविले चुनावी सभामा । रविको त्यो आत्मविश्वासलाई विश्वास गरेर जनताले चुनावमा भोट खन्याइदिए । रास्वपा चमत्कारिक र अविश्वसनीय रूपमा चुनावी परीक्षामा उत्तीर्ण भयो । स्थापित र ठूला भनिएका नेता र पार्टी किनारामा पुगे ।

२०४६ सालदेखि नीति, निष्ठा, नैतिकता, सिद्धान्त स्खलित हुँदै हुँदै नाङ्गेझार भइसकेको बहुदल, लोकतान्त्रिक गणतन्त्रलाई जनताले परास्त गरिदिए । रास्वपा लक्ष्य शान्ति, समृद्धि, स्थिरता नै थियो तर नयाँ गतिमान डिपार्चर लिएर सत्तामा पुग्यो । रास्वपा सत्तामा पुग्नुको अन्तर्य भनेको सेवाग्राहीलाई डेलिभरी नै थियो ।

रविले पार्टीलाई हाँके, उनको प्रतीक थिए बालेन । अब नेपालको नेतृत्व उमेर र इतिहासले गर्दैन, युवाको सोच, योजना र साहसले गर्छ भन्ने उद्घोष थियो ।

रविको आग्रहमा बालेनले चुनावी मैदानमै काम गर्ने आवेग देखाए । आमजनतालाई यो जोडीको आत्मविश्वास मन पऱ्यो । रविको राजनीतिक सुझबुझ र बालेनको कार्यशैली गजबैको छ । रवि र बालेनप्रति युवा आकर्षण व्यक्तिको उदयभन्दा पनि  जनता परिवर्तन चाहन्छन्, परिवर्तनका लागि जनतामा विद्यमान छटपटीको पराकाष्ठा थियो । बहुदल र लोकतन्त्रपछि पनि देश र जनतामा बढ्दो असन्तुष्टि र छटपटीको परिणाम थियो । जुन परिणाम फागुन २१ को चुनावमा जनताको सामुहिकतामा ज्वारभाटाझैं फुट्यो ।

बदल्यो, राजनीतिको परिदृश्य नै बदल्यो । महानगरको मेयरमा बालेन साहले जसरी आश्चर्यचकित पारेर जितेका थिए, आमनिर्वाचनमा रास्वपाले अनुमान गरेभन्दा बढी सिट जिते ।

रास्वपाले चुनाव जित्नु र जेनजी सरकार बन्नु भनेको इतिहास बदलियो, परम्परा बदलियो । राजनीति गर्ने तरिका र सत्ता हाँक्ने सिप पनि बदलियो । व्यवस्था बदलियो, व्यक्ति पनि बदलिए, जनताको आत्मविश्वास बढ्यो ।

हो, लोकप्रियतावाद मेयरको चुनावदेखि बढेको हो । आमचुनावमा पनि बढ्यो, परिवर्तित सत्तामा पनि देखियो । जसको कोही छैन, उसको सरकार छ, अदालत छ भन्ने अनुभूति दिलाउने अनुभूति दिलाउन नयाँ सरकारले प्रयत्न थालेको छ । आश्चर्य त के छ भने भोट बैंक, कार्यकर्ता परिचालन गरेर चुनाव जित्ने प्रचलन असफल भयो, यसपल्ट देखि सामाजिक सञ्जाल र संवादको शक्ति स्थापित भएको छ । बालेनको सांस्कृतिक सभ्यताको जगेर्ना र जनतालाई जोड्ने कला चुनावी सफलता बन्न पुग्यो । बालेनको कलाले देशका बौद्धिक जमात, आम जनता र कूटनीतिक समुदायलाई समेत प्रभाव पार्न सफल भयो । यो नयाँ शैलीले आत्मनिर्भरता, इतिहासको जिवन्तता र सांस्कृतिक विकासलाई पनि उठाएको छ ।

सरकारमा पुगेपछि बालेनले जो जतिसुकै शक्तिवान भए पनि कानुनको दायरामा ल्याउन सकिन्छ भन्ने मानक स्थापित गराएका छन् । समाजवाद र सर्वहारावादको नयाँ परिभाषा स्थापित गर्दै बालेनले नगरप्रमुख हुँदैदेखि गरीवले पनि पढ्न पाउनुपर्छ भनेर व्यापक छात्रबृत्तिको प्रवन्ध जो गरेका छन्, त्यो प्रशंसनीय मानिएको छ । बालेनले भ्रष्टाचार गर्दैन, आफ्नो पराई भन्दैन, सामाजिक न्याय उसको सिद्धान्त हो भन्ने सबैलाई विश्वास दिलाएका छन् । रविको लोकप्रियता र बालेनको ख्यातिले रास्वपालाई चुनावमा भारी बहुमत पायो । रवि संरक्षक हुन् भने बालेन रास्वपाको पुँजी हुन् । यो जोडीले काम गर्न पायो भने समाजमा जे जति राजनीतिक फोहर छन्, ती सफा हुन लामो समय लाग्नेछैन ।

चुनाव अघि र पछि पनि नागरिक भ्रमपूर्ण सपनामा विश्वास गर्न छाडिसकेका छन् । नागरिकलाई परिणाम चाहिएको छ, पाउनैपर्ने नागरिक हक र सेवामा सहजता देखिनुपर्छ । करको सदुपयोग भएको हुनुपर्छ र भ्रष्टहरु दण्डित हुनुपर्छ भन्ने नै हो । वास्तवमा नागरिक यही अपेक्षा भनेको सुशासन हो । सुशासन दिन्छु भन्ने रास्वपाको कबुल छ, करार पनि छ । बालेनले परिणाम दिन्छन्, बालेनलाई सबैले सघाउनु पर्छ । दुर्गतिको यथास्थितिमा परिवर्तन बालेन र रविको कामले ल्याउन सक्छ ।

रवि र बालेनले 'हामी सक्छौं' भन्ने आत्मविश्वास देखाउँदै आएका छन् । नयाँ छन्, कमीकमजोरी हुनसक्छ, सच्याउँदै अघि बढ्न सके, सबैले सहयोग गरे भने नेपालमा परिवर्तन आउने छ । शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासनका लागि सेवा प्रवाह चुनावी एजेण्डा बनेका थिए, त्यही जगमा नयाँ शक्ति उदया भयो । यो शक्तिले सत्ता र राजनीतिको यकिन अर्थ र औचित्य प्रमाणित गर्नसक्नुपर्छ ।

हामी पुराना दल, हामीले बहुदल ल्यायौं, हामीले राजा फालेर गणतन्त्र स्थापित गऱ्यौं, हिन्दराष्ट्रलाई धर्मनिरपेक्ष बनायौं भन्नेजस्ता भाष्य प्रचार गरेर ब्याज खाने दिन फागुन २१ को चुनावपछि समाप्त भएको छ ।

देश कस्तो बनाउने, देशवासीलाई कुन कुन अवसर दिने, अस्तित्व रक्षा कसरी गर्ने ? युवाले रोजगारी कसरी पाउनेछन् ? समानता र क्षमताको कदर हुन्छ कि हुन्न ? दण्ड र पुरस्कारको प्रवन्ध के छ ? नैतिकहीनलाई दण्ड र सभ्य समाजको सिर्जना गरिन्छ कि गरिदैन ? यस्ता अनेक प्रश्नहरु छन्, जुन प्रश्नहरु रास्वपा र बालेन सरकारका सामु उभिएका छन् । पुरातन सोच होइन, उत्तर वैचारिक सोच राजनीति बनेको छ ।

सभापति रवि लामिछानेले बालेनले देश बनाउँछ भन्ने विश्वास जगाउन जति सजिलो छ, बालेनलाई देश बनाउन उति नै चुनौती रहेका छन् । यो चुनौतीको पहिलो धराप 'जेठ १७ गते संसदमा प्रम बालेनले बोलेको कुराको एक अंश– नेपालले पनि भारतको जग्गा मिचेको छ भन्ने हुनपुगेको छ । तीललाई पहाड बनाउन जरूरी थिएन तर विपक्षीहरूले यसलाई अन्धराष्ट्रवादको ब्रम्हास्त्र बनाए र बालेनको छातीमा दाग्न तैयार भएका छन् । विपक्षी एक भएर बालेनलाई निहुरीमुन्टी न बनाउन चट्टानी अडान राख्दैछन् भने बालेन साह फेरि संसदमा उभिएर जवाफ दिन तैयार भएका छन् । देश बनाउन दायित्व सत्ता र विपक्षी दुबैको हो । ५ वर्षलाई म्याण्डेट पाएको रास्वपाले सत्ताकै नेतृत्व परिवर्तन गरे पनि रास्वपालाई हराउन, हल्लाउन सकिने छैन । बरू सबैले होस्टेमा हैंसे गरेर स्थिरता, शान्ति र समृद्धिमा लागिपर्नु उचित थियो । यो उचिततातिर प्रतिपक्षी दलहरूको ध्यान गएको छैन, प्रतिपक्षीको एउटै एजेण्डा छ– रास्वपालाई असफल पार्ने, बालेनलाई पदच्यूत गराउने ।

प्रतिपक्षीको यो थोत्रो मानसिकता सार्थक हुन मुस्किल छ । प्रतिपक्षीले बालेन र रास्वपालाई ठग र राष्ट्रघाती भन्ने आरोप लगाएर शिशाझैं चकनाचूर पार्ने भीम प्रयत्न गरिनै रहेका छन् । रवि लामिछानेको छवि र बालेन साहको डाँफेको जस्तो बेगमा विवेक जोड्न सकियो भने रास्वपाले नेपाली राजनीतिमा इतिहास बनाउन सक्छ । असफलझैं बनिसकेको नेपालले गुमेका विश्वको विश्वास जित्नेछ र नेपालमा आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, कूटनीतिक क्षमताको विकासका साथै राजनीति भनेको जनसेवा हो भन्ने छाप पनि बस्नेछ ।

राजनीतिलाई व्यवसाय बनाउनेहरु रास्वपा र बालेनको सेवाभावबाट त्रसित भएका छन् ।



पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# निजी शिक्षण संस्था र स्वास्थ्य संस्थामा ३ प्रतिशत कर संविधान विपरित

*गत फागुन २१ गते सम्पन्न भएको संघीय संसद प्रतिनिधिसभाको निर्वाचनमा झण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकारका अर्थमन्त्री स्वर्णिम वाग्लेले जेष्ठ १५ गते संसदको दुवै सदनको बैठकमा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि पेश गरेको बजेट रास्वपाकै नीति र कार्यक्रम विरोधमा आएको छ। बजेटले संविधानका कतिपय प्रावधानहरूलाई समेत उल्लंघन गरेको छ। सरकारले नीजि क्षेत्रबाट सञ्चालित भएका शिक्षण संस्था र स्वास्थ्य संस्थामा सेवाग्राहीले तिर्ने सबै करका शुल्कमा ३ प्रतिशत कर लगाउने घोषणा गरेपछि सरोकारवालाहरूले तिव्र असन्तुष्टि जनाएका छन्। नेपालको संविधानले मौलिक हकका रुपमा व्यवस्था गरेका शिक्षा, स्वास्थ्यलाई निशुल्क गर्नुको सट्टा अतिरिक्त कर लगाएर जनतामाथि करको दायरा बढाएको छ।*

*अर्थमन्त्री स्वर्णिम वाग्लेले आर्थिक विधेयक मार्फत निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था विद्यालय, कलेजमा पढ्ने विद्यार्थी र निजी अस्पतालमा उपचार गराउने विरामीबाट ३ प्रतिशत कर उठाउने घोषणा गरेका छन्। यो घोषणा संविधान विपरित रहेकाले सरोकारवालाहरूले यो निर्णय तत्काल खारेज गर्नुपर्ने माग गरेका छन्। शिक्षा, स्वास्थ्य, विजुली जस्ता आवश्यक बस्तुमा अनावश्यक कर लगाएर सरकारले नागरिकको अधिकार कुण्ठित गर्न खोजेको छ। संविधानले नै शिक्षा, स्वास्थ्यलाई जनताको मौलिक हकमा रुपमा लिएको छ। जनताको हक सरकारले सुरक्षित गर्नुको बदला संविधान विपरित कर लगाएर सरकारले नागरिकको अधिकार खोसेको छ। त्यही कारणले गर्दा सरकारले यो निर्णय तत्काल फिर्ता लिएर जनतालाई संविधानले दिएको अधिकार प्रयोग गर्न पाउने सुनिश्चितता सरकारले गर्नैपर्दछ।*

*संविधानले नै माध्यामिक तहसम्मको शिक्षा र आधारभूत उपचार निशुल्क हुने व्यवस्था गरेको छ। सरकारले यी दुवैमा कर लगाउँदा नागरिकलाई शिक्षा र स्वास्थ्य झनै महँगो पर्ने निश्चित जस्तै देखिएको छ। सरकारले नै सरकारी अस्पतालहरूमा उपचार दिन नसकेको हुनाले नागरिकहरू निजी अस्पतालमा उपचार गराउन बाध्य भएका छन्। निजी अस्पतालहरूमा अहिले नै सामान्य नागरिकले उपचार गराउन सक्ने अवस्था नरहेको बेला फेरी ३ प्रतिशत कर लगाउनु भनेको नागरिकलाई स्वास्थ्य उपचार नै नगरि मर भन्नु सरह मात्र हो। निजी क्षेत्रका शिक्षण संस्थाले विद्यार्थीहरूबाट असुल गर्ने सबै शुल्कमा ३ प्रतिशत कर लगाएर विद्यार्थीबाट असुल उपर गर्ने व्यवस्था गरिनु कहाँसम्मको न्याय हो सरकार ? यसरी ३ प्रतिशत कर लाग्नेमा निजी विद्यालय, कलेज, प्राविधिक शिक्षालय, मेडिकल र इन्जिनियरिङ कलेजसम्म पर्ने भएकाले गरिब तथा जेहेन्दार विद्यार्थीहरू सोझै प्रभावित हुने निश्चित जस्तै रहेको छ। के रास्वपाको नीति गरिब जनताका छोराछोरीहरू डाक्टर, इन्जिनियर अथवा प्राविधिक शिक्षा पढ्नबाट बञ्चित गराउने हो त भन्ने प्रश्न समेत उब्जिएको छ।*

*निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा सञ्चालन गर्ने व्यक्तिले विद्यार्थीबाट असुल गर्ने सबै प्रकारका सेवा शुल्कमा ३ प्रतिशतका दरले स्वासथ्य समता शुल्क लगाई असुल उपर गर्ने उल्लेख गरिएको छ। यसरी उठाइएको कर गुणस्तरीय शिक्षा, स्वास्थ्यको पहुँचको विस्तार र पूर्वाधार निर्माणमा खर्च गर्ने व्यवस्था गरिएको छ। यस्तो शुल्क विजक जारी गरी असुल उपर गर्नुपर्ने र असुल गरेपछि आन्तरिक राजस्व कार्यालयमार्फत दाखिला गर्नुपर्ने व्यवस्था गरिएको र प्रत्येक चौमासिक अनुसार कर रकम नबुझाए जरिवाना लाग्ने व्यवस्था विधेयकमा गरिएको छ।*

*सरकारले सार्वजनिक शिक्षामा बजेट कटौती गरेर शिक्षाको बोझ अभिभावकलाई नै बोकाउन खोजेको छ। जान्नेलाई छान्ने भनेर आएको सरकारले शिक्षाको सबै भार अभिभावकलाई बोकाएर संविधान ऐन, कानुनको समेत उल्लघन गरेको आरोप बालेन सरकारमाथि लाग्दै आएकोले रास्वपा नेतृत्वले अब कित यो प्रावधान हटाउने बालेन सरकारलाई भन्नुपर्‍यो यदि होइन भने रास्वपा नेतृत्व र बालेन सरकारपनि मुखले जनताको पक्षमा रहेको बताउने भएपनि व्यवहारमा ऊ पहिलाको सरकार भन्दा जनताका विपक्षमा कार्य गर्न उद्द्त रह्‍यो भन्ने हामीले ठानेका छौं। रास्वपा र बालेन सरकारलाई संविधानले जनतालाई दिएको अधिकार खोस्ने अधिकार छैन भन्ने हाम्रो ठम्याई रहेको छ।*

# सगरमाथा आरोहणमा बढिरहेको छ आकर्षण

**बुद्धिनारायण श्रेष्ठ**

नेपालमा रहेको विश्वको सर्वोच्च हिमशिखर सगरमाथा (एभरेस्ट/चोमोलोङमा) चढ्न संसारभरका मानिस लालायित देखिन्छन् । हरेक पर्वतारोहीको अन्तिम लक्ष्य सगरमाथा आरोहण नै हो । विश्वका विभिन्न देशका विभिन्न चुली चढिसकेका आरोहीले अन्तिममा सगरमाथाको टुप्पोमाथि उक्लने लक्ष्य राखेकै हुन्छन् । सगरमाथाको सफल आरोहण नगरेसम्म उनीहरु प्रशिद्ध पर्वतारोहीको दर्जामा पुग्दैनन् । त्यसैले, सगरमाथा आरोहण टोलीमा संलग्न भएर विश्वका विभिन्न देशका पर्वतारोही प्रतिवर्ष सयौँको संख्यामा नेपाल आउँछन् । तीमध्ये कतिपयले सफलता प्राप्त गर्छन् भने कतिपयले आरोहण बिचैमा परित्याग गर्छन् ।

सगरमाथा आरोहण : २९ मे १९५३ मा सर्वप्रथम सगरमाथाको थाप्लोमा तेन्जिङ नोर्गे र एडमन्ड हिलारीले पाइला टेकेपछिको ७२ वर्षको समयावधिभित्र १७ मे २०२५ सम्ममा ९६२ महिला र ११ हजार ९५५ पुरूष गरी जम्मा १२ हजार ९१७ जनाले सफल आरोहण गरिसकेका छन् (एपिएफ, १६ मे २०२५) । त्यस वर्षसम्ममा दुई सय १६ जनाले विनाअक्सिजन सगरमाथाको सफल आरोहण गरेका छन् । आरोहण पर्मिट लिएर सफलता नपाएका आरोही एक हजार ३१० जना रहेको बुझिन्छ । यस्तै, हिमालयन डाटाबेसअनुसार आरोहणपछि र अघि १९२१ जुन ५ देखि आरोहण बाटो, डेथ जोन, क्रिभासस, खोंच र आइसफलमा ज्यान गुमाउनेको संख्या ३४० जना पुगेको छ । तीमध्ये करिब २०० को शव अझै हिमालमै यत्रतत्र छन् ।

आरोहण सिलसिलामा यतिका आरोहीको ज्यान गइसके पनि विश्वका विभिन्न देशका आरोहीको सगरमाथा आरोहण गर्ने लोभ र संख्या वर्षैपिच्छे बढ्दै गएको छ । आरोही हर्बर्ट म्यालोरीलाई १९२३ मार्च १८ मा न्युयोर्क टाइम्सको पत्रकारले 'तपाईं किन सगरमाथा चढ्न चाहनुहुन्छ ?' भनी सोधेको प्रश्नमा उनले जवाफ दिएका थिए– 'किनकि त्यो त्यहाँ छ ।' यसबाट सगरमाथा नेपालमा रहेकाले सगरमाथा चढ्न नेपालमै आउनुपर्छ भन्ने विश्व सन्देश पुगेको थियो । यसले सगरमाथालाई आरोहणमय र आकर्षक बनाइराखेको छ ।

यो वर्ष वसन्त ऋतुमा सगरमाथा आरोहण गर्न यो लेख तयार पार्दासम्म ४५ समूहका ४६४ जनाले अनुमति लिएका छन् । यो क्रम जारी रहेको छ । अनुमति लिनेमध्ये ३५३ पुरूष र १११ महिला रहेका छन् । यस वर्ष चीनले विदेशीलाई आरोहण अनुमति नदिने र चिनियाँलाई पनि कडा मापदण्ड अपनाएकाले नेपालबाट आरोहण गर्न १०३ जना चिनियाँले अनुमति लिएका छन्, जुन सबैभन्दा ठुलो समूह हो ।

गत वर्ष पहिलो आरोहण (मे १४) मा एकै दिन ४०, मे १८ मा एकैदिन १३५ र यस वर्षको मे २० मा एकैदिन २७४ आरोहीले सगरमाथाको सफल आरोहण गरेका थिए । यसैसाथ संलग्न तथ्यांक तालिकाले देखाएअनुसार सगरमाथा आरोहणप्रति आकर्षण बढिरहेको पाइन्छ ।

कीर्तिमान कायम गर्ने होडबाजी : सगरमाथाको थाप्लोमा टेक्ने मात्र होइन, को धेरैपटक पुग्छ भन्ने पनि होडबाजी चल्ने गरेको पाइन्छ । यसै सिलसिलामा सर्वाधिक थाप्लोमा टेक्ने 'एभरेस्ट म्यान'को उपनामले विश्वभर कहलिएका कामिरिता शेर्पाले आफ्नै रेकर्ड तोड्दै यस वर्ष ३२औँपटक सगरमाथा चुमेर नयाँ विश्वकीर्तिमान कायम गर्न सफल भएका थिए । सन् २०२४ को एकै सिजनमा उनले २९औँ र ३०औँपटक सफल आरोहण गरेका थिए । २९औँपटक सफल आरोहण गरेका पासाङ दाबा शेर्पाले कामिरितालाई पछ्याउँदै ढिलोचाँडो दाउ हेर्दै छन्– सके कामिरितालाई उछिन्ने, नसके उनीजत्तिकैमा पुग्ने । विदशीमध्ये धेरैपटक ५१ वर्षीय ब्रिटिस आरोही केन्टोन कुलले २०२५ मे १८ का दिनसमेत गरी १९औँ सफल आरोहण गरी पासाङ दाबा शेर्पालाई पछ्याएका छन् ।

गत सिजनमा २९ वर्षीय टासीग्याल्जेन शेर्पाले १५ दिनमा ४ पटक (मे ९-१४-१९-२३) सफल आरोहण गरी कीर्तिमान कायम गरे । चीनका ३२ वर्षीय आरोही जिङ झाङले मे १४ मा चुचुरोदेखि क्याम्प नं. ३ सम्म 'स्की' गरेर कीर्ति राखे । मिर्गौला प्रत्यारोपित ३७ वर्षीय पेम्बा शेर्पाले मे १४ मा सगरमाथा थाप्लोमा फुगेर कीर्तिमान रचे । युत्रेनी-अमेरिकी नागरिक एन्डु उसाकोभले मे १५ मा न्युयोर्कको समुद्री सतहबाट यात्रा सुरू गरी तीन दिन २३ घण्टामा सगरमाथा शिखर चुमेर रेकर्ड बनाए । उनी फर्कने वेला त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट २० हजार अमेरिकी डलर अवैध रूपमा लैजान खोज्दा पक्राउ परे । बेलायतका रक्षामन्त्री कर्णेल यलिस्टेयर स्कट कर्नससमेत चारजना पूर्वसैनिकले बेलायतबाट उडेको चौथो दिन मे २१ मा सगरमाथा सफल आरोण गरी छैटौँ दिनमा आफ्नो देश पुगी कीर्तिमान कायम गरेका छन् । यद्यपि, जेनन ग्यास प्रयोग गरी आरोहण गरेकोले यस्तो ग्यास प्रयोग गर्न हुने-नहुनेबारे विवादास्पद भई अन्तर्राष्ट्रिय चर्चा पाएको छ । नेपाल प्रहरीका असइ कुन्जाङ छोपेल शेर्पाले पहिलो महिला प्रहरीका रूपमा मे १९ मा सफल आरोहण गरिन् । यसपटक मृत्यु हुनेमा मे १४ मा फिलिपिन्सका ४५ वर्षीय फिलिप सन्तायागो र मे १५ मा भारतका ४४ वर्षीय सुब्रता घोस रहेका छन् ।

'पर्वतकी रानी' उपनामले अल्पाइन क्षेत्रमा नाम कमाएकी ल्हाक्पा शेर्पाले महिलातर्फको आफ्नो रेकर्ड तोड्दै सन् २०२५ मा समेत गरी ११औँपटक सगरमाथाको थाप्लो कुल्चिएकी छन् । फोटो पत्रकार पूर्णिमा श्रेष्ठ सन् २०२४ को एउटै सिजनको १३ दिनभित्र तीनपटक सफल आरोहण गर्ने पहिलो कीर्तिमानी महिला बनिन् भने गत सिजनमा समेत गरी उनले पाँचौँपटक आरोहण गरेकी छिन् । युएनडिपी नेपालले गत वर्ष अन्तर्राष्ट्रिय ख्यातिप्राप्त आरोहीहरु पूर्णिमा श्रेष्ठ र निमिरिन्जी शेर्पालाई नेपालमा 'जलवायु न्याय'सम्बन्धी चेतना जगाउन नेपालको पहिलो 'जलवायु अभियन्ता'का रूपमा मनोनयन गरेको थियो ।

२०२३ मे २५ का दिन १७ वर्षका निमारिन्जी शेर्पाले १० घण्टाभित्र सगरमाथा र ल्होत्सेको सफल आरोहण गरेर विश्व कीर्तिमान बनाए । २०२३ मा पाठेघर क्यान्सर भएकी अमेरिकी महिला आरोही जेसिकारे वेदेल, युक्रेनका पूर्वमन्त्री ५१ वर्षे इमार किस्निर र उनकी श्रीमती ४६ वर्षीया ओकसाना (दम्पती), १६ वर्षीय सोनाम शेर्पा र उनका बाबु पूर्णकुमार (पिके) बाबुछोराले एकैदिन एकैसाथ, आजन्म बहिरा अमेरिकी दम्पती स्कट लेहम्यान र उनकी श्रीमती सायना अंगर (दुवैजना दुइटै कानले नसुन्ने) र कृत्रिम खुट्टाको सहायताले २०२२ मा पूर्वगोर्खा सैनिक हरि बुढामगरले थाप्लोमा टेकेको रेकर्ड कायम गरे ।

सन् २०२१ को सिजनमा फुन्जोझाङ्मु लामाले सर्वाधिक छोटो समय (१४ घण्टा ३१ मिनेट) मा सगरमाथा चुचुरोमा टेक्ने महिलाको कीर्तिमान बनाइन् । कीर्तिमान राख्ने क्रममा उच्च घरानामध्ये सन् २०२१ मा बहराइनका राजकुमार सेख मोहमेद हमाद मोहमेद-अल खालिफा तथा आङदाबा शेर्पा र उनकी पत्नी पासाङफुटी शेर्पाले २०१९ मा 'फास्ट कपल समिटर्स' को रेकर्डमा नाम लेखाए । २०१८ मा १६ वर्षीया भारतीय सिवांगी पाठक सबभन्दा कम उमेरकी महिला कीर्तिमानीमा परिन् । भारतकी पूर्वमिस इन्डिया संगीता सिन्धी बही तथा ३७७ घण्टा अन्तरिक्षमा बिताएका इटालीयन अन्तरिक्षयात्री मौरिजिओ चेउलीले सगरमाथा चुमे ।

नेपालका सर्भेयर प्रमुख नापी अधिकृत खिमलाल गौतम पहिलोपटक २०११ मा निजामती कर्मचारीको टोलीमा र सगरमाथाको उचाइ मापन गर्ने क्रममा २०१९ मा दोस्रोपटक सगरमाथाको थाप्लोमा पुगेको रेकर्ड छ । २०१८ मा दुवै गोडा नभएका ६९ वर्षीय चिनियाँ नागरिक सिया बोयु, पाँचपटक स्पेस सटलमा यात्रा गरेका अमेरिकी अन्तरिक्षयात्री स्कट पराजिन्स्की २००९ मा तथा सबभन्दा बढी उमेरकी ७९ वर्षीया जापानी महिला फुनाहासी यई, बुढा पुरूष आरोही ७६ वर्ष १० महिना उमेर पुगेका मिनबहादुर शेरचनले २००८ मा सगरमाथा थाप्लोमा टेकेरै छाडे ।

३५ वर्षीय बाबुछिरी शेर्पा अक्सिजन प्रयोग नगरी १९९९ मे १९-२० मा २१ घण्टा थाप्लोमै वास बसे । २५ वर्षे लाक्पाथार्के शेर्पाले २४ मे २००६ मा सगरमाथा थाप्लोमा अर्धनग्न (शरीरको माथिल्लो भाग खुला भएको) अवस्थामा तीन मिनेट बिताए । फुर्वातासी शेर्पा र सुश्री छुदिन शेर्पाले एक हप्तामा दुई-दुईपटक सगरमाथा थाप्लोमाथि टेके, सुश्री मोनी मुलेपातीले र प्रेम दोर्जीले सगरमाथाको थाप्लोमा ३० मे २००५ मा सिन्दुर-पोते लगाएर बिहे गर्न भ्याए । २००४ मे २१ मा पेम्बा दोर्जी शेर्पाले आधार शिविरबाट आठ घण्टा १० मिनेटमा चुचुरोमा पुग्न भ्याई सबभन्दा छोटो समयमा आरोहण गर्ने पुरूषको कीर्तिमान कायम गरे । २००१ मा अमेरिकी दृष्टिविहीन आरोही एरिक विहेनमायरले पनि शिखर चुमेका थिए । आरोहणमा आकर्षण बढेकाले यस्ता कीर्तिमान राख्ने होडबाजी रहेको बुझिन्छ ।

आरोहण रोयल्टी : सगरमाथाबाट सरकारलाई यस सिजनमा सबैभन्दा धेरै रोयल्टी एक अर्ब एक करोड प्राप्त भएको छ । गत वर्ष ७७ करोड प्राप्त भएको थियो । वसन्त ऋतुमा आरोहण गर्ने रोयल्टी दुई वर्षअघिको ११ हजारबाट यस वर्ष १५ हजार अमेरिकी डलर पुऱ्याइएको छ ।

सुझाव : सगरमाथा आरोहण गर्ने अनुमति एक वर्ष दिने र अर्को वर्ष रोकेर हिमाल सफाइ गर्ने प्रबन्ध गरिए हिमालको हिउँ पग्लने र प्रदूषण हुने क्रम केही मात्रामा घट्न सक्छ, हिमाल नांगो हुन केही मात्रामा जोगिन सक्छ । यद्यपि, 'ग्लोबल वार्मिङ'को भूमिका पनि छ । अर्को कुरा, एकै वर्षमा दुईपटक सगरमाथामा उक्लने एउटै आरोहीले दुईपल्ट पर्मिट लिनुपर्ने व्यवस्था हुनुपर्छ । अहिले तुरून्तै दोस्रोपटक आरोहण गर्ने आरोहीबारे पर्यटन विभाग तथा बेस कयाम्प लियाजो अधिकृतलाई पनि थाहा नहुन सक्छ । यस्ता आरोहीले सफलता हासिल गरेपछि लियाजो अधिकृतको सिफारिस माग्न आउँदा मात्र विधिवत् जानकारी मिल्ने गरेको पाइन्छ ।

आरोहणयामका रूपमा रहेको वसन्त मौसममा अहिलेकोभन्दा कम्तीमा १५ दिनअगावैदेखि आरोहण सुरू गराउने व्यवस्था गर्दा साउथ कोल र हिलारी स्टेपदेखि चुचुरोसम्म ट्राफिक जाम हुने समस्या कम हुन हुन्छ । पर्वतारोहण गाइडको आधारभूत आचारसंहिता, सदाचार, सीप, तालिमका आधारमा मात्र गाइड बन्ने लाइसेन्स दिइनुपर्छ ।

आरोहण आकर्षण बढ्दै गएकाले जोसुकैलाई अठ्यारो पर्दा सहायता पुग्ने गरी चौथो आधार शिविरमा एउटा उद्धार टोली तैनाथ गर्ने व्यवस्था हुनुपर्छ । त्यस क्रममा पर्यटन विभाग, आधार शिविर र हिमाल आरोहीबिच सञ्चार सम्पर्कको प्रभावकारी संयन्त्रको प्रबन्ध गरिनुपर्छ । आरोहीको पोसाकमा विद्युतीय चिप्स जडान भए पनि आरोहण गर्ने प्रत्येक आरोहीलाई जिपिएस प्रविधिद्वारा ट्र्याकिङ गर्ने व्यवस्था गरिनुपर्छ । यसबाट सफल आरोहण गरेको हो-होइन, यकिन गर्न मद्दत पुग्छ । दुर्घटनामा परी मृत्यु भएमा पनि तत्काल थाहा पाउन सजिलो हुन्छ । *- नयाँ पत्रिका*

# रूपान्तरणकारी जनादेश र संस्थागत निरन्तरताबीचको टकराव

बिनोज बस्न्यात

नेपाल अब केवल नियमित लोकतान्त्रिक चक्रबाट गुज्रिरहेको देश मात्र रहेन । देश अहिले राजनीतिक रूपान्तरको अझ गहिरो चरणमा प्रवेश गरिरहेको छ, जहाँ जनअपेक्षा केवल प्रतीकात्मक गणतन्त्रवादबाट राज्यको प्रभावकारिता, संस्थागत सुधार, जवाफदेहिता र कार्यकारी क्षमताको मागतर्फ सर्दै गएको छ । यससँगै अर्को राजनीतिक अस्थिरता वा आपत्कालीन अवस्थाको जोखिम पनि क्रमशः बढ्दै गएको देखिन्छ । रास्वपा जस्ता सुधारमुखी राजनीतिक शक्तिको उदय केवल कमजोर शासनप्रतिको असन्तुष्टि मात्र होइन, सन् २००६ पछि स्थापित भएको राजनीतिक-सुरक्षा-कूटनीतिक संरचनाप्रति असन्तुष्टि पनि हो । तर नेपालमा विकसित हुँदै गएको राजनीतिक परिदृश्यले अहिले एउटा गम्भीर तनाव उजागर गरिरहेको छ– निर्वाचनबाट प्राप्त जनादेश र संस्थागत निरन्तरताबीचको तनाव ।

प्रतिनिधिसभामा २७५ मध्ये करिब दुईतिहाइ अर्थात् १८२ सिटमार्फत सुधारमुखी शक्तिले राजनीतिक वैधता प्राप्त गरेको छ । तर, राज्यसत्ताका महत्त्वपूर्ण अंशहरु अझै पनि पुरानो सहमतिमूलक व्यवस्थाबाट निर्मित संस्थागत संरचनाभित्रै सुरक्षित छन् । राष्ट्रिय सभा, न्यायपालिकाका केही भाग, जरा गाडिसकेका प्रशासनिक सञ्जाल तथा पुराना दलगत संरचनाहरूले नीति निर्माण, कार्यान्वयन, व्याख्या तथा राजनीतिक गतिको नियन्त्रणमा अझै पनि उल्लेखनीय प्रभाव कायम राखेका छन् । यो टकराव आकस्मिक होइन, विश्वभरका संक्रमणकालीन राजनीतिक व्यवस्थाहरूको स्वाभाविक विशेषता हो ।

केही नेताहरु सफल भए किनभने उनीहरूले प्रणालीविरोधी वैधतालाई संस्थागत पुनःसंरचना, आर्थिक व्यवस्थापन तथा प्रशासनिक आधुनिकीकरणसँग जोड्न सके । 'तुलनात्मक राजनीतिशास्त्र' ले यस्ता संस्थाहरूलाई 'भिटो संरचना' का रूपमा व्याख्या गर्छ । औपचारिक रूपमा यिनको उद्देश्य स्थायित्व, निरन्तरता तथा बहुमतको आकस्मिक आवेगमाथि नियन्त्रण कायम गर्नु हो । तर, तीव्र सामाजिक परिवर्तनका अवधिमा यिनै संस्थाहरु क्रमशः परिवर्तन अवरूद्ध गर्ने संयन्त्रका रूपमा देखिन थाल्छन् । यही सन्दर्भमा प्रधानमन्त्री वालेन्द्र शाह 'बालेन' को राजनीतिक व्यवहार विशेष महत्त्वपूर्ण बन्छ ।

धेरै टिप्पणीकारहरूले उनको असामान्य कार्यशैलीलाई केवल व्यक्तिगत स्वभाव वा राजनीतिक अपरिपक्वताका रूपमा व्याख्या गरेका छन् । तर यस्तो विश्लेषणले व्यापक तुलनात्मक राजनीतिक सन्दर्भलाई बेवास्ता गर्छ । राजनीतिशास्त्र तथा राजनीतिक मनोविज्ञानका अध्ययनहरूले देखाउँछन् कि संक्रमणकालीन चरणमा उदाएका नेताहरूले प्रायः पुरानो राजनीतिक संस्कृतिबाट आफूलाई अलग देखाउन प्रतीकवाद, व्यवहारगत भिन्नता तथा स्थापित प्रक्रियाको सार्वजनिक अस्वीकृतिको प्रयोग गर्छन् । यस्तो व्यवहार प्रायः आकस्मिक हुँदैन ।

विश्वका धेरै संक्रमणकालीन व्यवस्थाहरूमा स्थापित प्रणालीविरोधी नेताहरूले संस्थागत अनुरूपताभन्दा 'प्रतीकात्मक विच्छेद' मार्फत वैधता खोज्ने गरेका छन् । यसमा असामान्य पोसाक, औपचारिक प्रोटोकलको अस्वीकृति, पुराना राजनीतिक अभिजात वर्गसँग सार्वजनिक टकराव, अनौपचारिक कार्यकारी शैली तथा 'संस्थाभन्दा जनता' लाई प्रत्यक्ष सम्बोधन गर्ने शैली समावेश हुन्छ । यी सबै राजनीतिक संकेत हुन् ।

जब नेताहरु राज्य समारोहमा जानाजानी अनौपचारिक देखिन्छन्, प्रोटोकललाई बेवास्ता गर्छन् वा औपचारिक राजनीतिक संस्कृतिबाट दूरी देखाउँछन्, विश्लेषकहरूले त्यसलाई संस्थागत जडता, अभिजात सहमतिमूलक राजनीतिप्रतिको असन्तोष तथा परम्परागत शक्ति संरचनाभन्दा प्रत्यक्ष जनादेशमा आधारित वैधता निर्माण गर्ने प्रयासका रूपमा बुझ्ने गर्छन् । यसका अन्तर्राष्ट्रिय उदाहरणहरु प्रशस्त छन् । नरेन्द्र मोदीले आफ्नो प्रारम्भिक कार्यकालमा परम्परागत दिल्ली राजनीतिक संस्कृतिबाट विच्छेदको स्पष्ट सन्देश दिएका थिए । उनले आफूलाई 'लुटियन्स दिल्ली' को स्थापित शक्ति वृत्तभन्दा बाहिरको नेता– पुरानो व्यवस्थाको निरन्तरता होइन, परिवर्तनकारी शक्ति– का रूपमा प्रस्तुत गरे । भ्रष्टाचार, नीतिगत जडता तथा गठबन्धनकालीन राजनीतिक कमजोरीविरूद्ध उनको सन्देश केन्द्रित थियो ।

●●●

सुधारमुखी ऊर्जा पुरानो शक्ति सन्तुलन जोगाउन खोज्ने संस्थाहरूसँग ठोक्किरहृयो भने राजनीतिक ध्रुवीकरण र वैधताको संकट बढ्ने सम्भावना छ । तर यदि संस्थाहरूले समायोजन, अनुकूलन र व्यवस्थागत रूपान्तरणमार्फत परिवर्तनलाई आत्मसात् गर्न सके भने दीर्घकालीन स्थायित्व सम्भव छ । नेपालको मूल चुनौती अब परिवर्तन चाहिन्छ कि चाहिँदैन भन्ने होइन । किनकि, त्यो निर्णय जनताले लगभग गरिसकेका छन् ।

●●●

बोरिस येल्त्सिनले सोभियतपछिको संक्रमणमा 'विच्छेद' को प्रतीकात्मक प्रतिनिधित्व गरे । १९९१ को सोभियत 'कू' प्रयासका क्रममा ट्यांकमाथि उभिएको उनको तस्बिर पुरानो व्यवस्थाविरूद्ध प्रतिरोधको विश्वव्यापी प्रतीक बन्यो । तर तीव्र परिवर्तनले संस्थागत अस्थिरता, आर्थिक अराजकता तथा सत्ता केन्द्रीकरणका समस्याहरु पनि जन्मायो । हुगो चाभेजले प्रत्यक्ष प्रणालीविरोधी टकरावमार्फत १९९२ राजनीतिक वैधता निर्माण गरे । उनले सार्वजनिक प्रदर्शन, प्रतीकात्मक राजनीति र 'जनता बनाम अभिजात वर्ग' को कथनमार्फत स्थापित राजनीतिक व्यवस्थालाई चुनौती दिए । तर अत्यधिक व्यक्तिकेन्द्रित सत्ता र संस्थागत कमजोरीकरणले दीर्घकालीन संकटलाई निम्त्यायो ।

हालै जेभियर मिलेईले २०२३ मा अर्जेन्टिनाको आर्थिक संकट, राजनीतिक जडता र पुराना दलहरूप्रतिको जनआक्रोशलाई प्रयोग गर्दै आक्रामक प्रणालीविरोधी राजनीतिक अभियान निर्माण गरे । असामान्य सार्वजनिक व्यवहार, तीक्ष्ण भाषण तथा व्यक्तिगत शैलीमार्फत उनले आफूलाई पुरानो व्यवस्थाविरूद्धको राजनीतिक 'विच्छेद' का रूपमा स्थापित गरे । एल साल्भाडोरका नायिब बुकले २०२० मा पनि परम्परागत राजनीतिक संरचनालाई चुनौती दिँदै सामाजिक सञ्जाल, प्रत्यक्ष सन्देश तथा केन्द्रीकृत कार्यकारी शैलीमार्फत 'निर्णायक नेतृत्व' को छवि निर्माण गरे । तर तुलनात्मक राजनीतिक इतिहासले अर्को महत्त्वपूर्ण पाठ पनि दिन्छ– प्रतीकात्मक विच्छेद मात्र पर्याप्त हुँदैन । संक्रमणकालीन वा रूपान्तरणको नेतृत्व सफल हुन्छ कि असफल- त्यो अन्ततः संस्थागत रूपान्तरणमा निर्भर हुन्छ ।

केही नेताहरु सफल भए किनभने उनीहरूले प्रणालीविरोधी वैधतालाई संस्थागत पुनःसंरचना, आर्थिक व्यवस्थापन तथा प्रशासनिक आधुनिकीकरणसँग जोड्न सके । ली क्वान यूले १९६० पछि सिंगापुरलाई कमजोर उपनिवेशोत्तर सहर-राज्यबाट उच्च संस्थागत विकास भएको राज्यमा रूपान्तरण गरे । देङ सियाओपिङले चीनलाई वैचारिक जडताबाट बाहिर निकाल्दै आर्थिक पुनःसंरचना गरे । फ्र्याँकलिन डी. रूजवेल्टले न्यु डिलमार्फत अमेरिकी राज्य संरचनालाई पुनर्परिभाषित गरे । नेल्सन मण्डेलाले परिवर्तन र संस्थागत मेलमिलापबीच सन्तुलन कायम गर्दै दक्षिण अफ्रिकालाई ठूलो अस्थिरताबाट जोगाए । यसको विपरीत, केही संक्रमणकालीन नेताहरु असफल भए किनभने प्रतीकात्मक राजनीति संस्थागत शासनमाथि हाबी भयो । हुगो चाभेजले सुरूआतमा जनसमर्थन प्राप्त गरे पनि संस्थाहरु कमजोर बन्दै गए । बोरिस येल्त्सिनले सोभियत संरचना भत्काए तर स्थिर वैधता निर्माण गर्न सकेनन् । मोहम्मद मोर्सीले अरब स्प्रिङपछिको लोकतान्त्रिक ऊर्जा त पाए, तर संस्थागत प्रतिरोध र शक्ति संघर्ष व्यवस्थापन गर्न नसक्दा उनको राजनीतिक पतन भयो । फरक यहीँ छ । सफल संक्रमणकालीन नेताहरु परिवर्तनलाई संस्थागत बनाउँछन् । असफल नेताहरु परिवर्तनलाई व्यक्तिकेन्द्रित बनाउँछन् ।

नेपालको वर्तमान संक्रमण पनि यही वैश्विक ढाँचातर्फ उन्मुख देखिन्छ । नेपाली सेनाको भूमिकाबारे भइरहेको प्रचार-प्रसार, न्यायपालिका र सरकारबीच देखिएको द्वन्द्व, राष्ट्रिय सभामा दलहरूबीचको असहयोग साथै विभिन्न राजनीतिक दलहरूले खडा वा पुनःस्थापना गरेका युवा फोर्सहरु यसका केही उदाहरण हुन् । अब विभाजन केवल वैचारिक छैन, यो संरचनात्मक, पुस्तागत तथा संस्थागत हुँदै गएको छ ।

एकातिर सन् २००६ पछिको सहमतिमूलक संरचना छ– जसको उद्देश्य द्वन्द्वपछिको शक्ति सन्तुलन र सहअस्तित्व व्यवस्थापन थियो । अर्कोतिर तीव्र शासन सुधार, भ्रष्टाचार नियन्त्रण, प्रशासनिक दक्षता र कार्यकारी प्रभावकारिताको माग गर्ने नयाँ जनादेशमुखी राजनीतिक संस्कृतिको उदय भइरहेको छ । यही कारण राष्ट्रिय सभामाथिको आलोचना बढिरहेको छ । सुधारमुखी धाराहरूले यसलाई स्थायित्व दिने लोकतान्त्रिक संस्था होइन, पुरानो राजनीतिक सञ्जालले आफ्नो प्रभाव कायम राख्ने संरचनाका रूपमा चित्रित गर्न थालेका छन् । त्यस्तै न्यायपालिकाका केही निर्णयहरु पनि जब सुधारमुखी कार्यकारी कदम अवरूद्ध गर्ने रूपमा देखिन्छन्, तब जनअसन्तोष बढ्न थाल्छ । रूपान्तरणकालीन व्यवस्थामा न्यायपालिकाको भूमिका अत्यन्त संवेदनशील हुन्छ । अदालतहरूले संवैधानिक नियन्त्रण र सामाजिक परिवर्तनबीच सन्तुलन कायम गर्नुपर्छ । तर जब न्यायालयहरूलाई निष्पक्ष संस्थाभन्दा पुरानो राजनीतिक व्यवस्थाका संरक्षकका रूपमा हेरिन थालिन्छ, वैधताको संकट गहिरिन थाल्छ । यही ठाउँमा नेपाल सम्भावित रूपमा खतरनाक राजनीतिक दिशातर्फ जान सक्छ ।

यदि सुधारमुखी जनभावना बढ्दै जाँदा प्रमुख संस्थाहरु परिवर्तन अवरूद्ध गर्ने शक्तिका रूपमा देखिन थाले भने, नेपाल केवल राजनीतिक विवाद होइन, वैधताको संकटतर्फ जान सक्छ । यस्तो अवस्थामा प्रायः पाँच प्रवृत्ति देखा पर्छन्– संस्थागत निष्पक्षतामाथि जनविश्वास कमजोर, कार्यकारी नेतृत्वमा निराशा, सडकस्तरीय ध्रुवीकरण, राजनीतिमा व्यक्ति केन्द्रीकरण र 'राष्ट्रिय रूपान्तरण' को नाममा संवैधानिक प्रक्रियालाई 'बाइपास' गर्ने दबाब । नेपाल अहिले त्यहाँ पुगेको छैन । तर संकेतहरु स्पष्ट हुँदै गएका छन् ।

यदि सुधारमुखी ऊर्जा पुरानो शक्ति सन्तुलन जोगाउन खोज्ने संस्थाहरूसँग ठोक्किरहृयो भने राजनीतिक ध्रुवीकरण र वैधताको संकट बढ्ने सम्भावना छ । समाजको एउटा ठूलो हिस्सा अब यस्तो विश्वास गर्न थालेको छ कि द्वन्द्वपछिको सहमतिमूलक संरचना नयाँ पुस्ताको शासन, विकास र परिणाममुखी अपेक्षाअनुसार अनुकूल हुन संघर्ष गरिरहेको छ । यदि संस्थाहरूले विश्वसनीय विकल्पबिना निरन्तर परिवर्तन रोकिरहे भने, जनअसन्तोष राजनीतिज्ञहरूप्रति मात्र होइन, सम्पूर्ण संस्थागत व्यवस्थाप्रति केन्द्रित हुन सक्छ । त्यही बिन्दुबाट राजनीतिक संकटहरु जन्मिन थाल्छन् । नेपालको जोखिम दोहोरो छ । यदि पुराना संस्थाहरु परिवर्तन स्विकार्न असफल भए भने राजनीतिक प्रणालीविरोधी राजनीति अझ तीव्र हुनेछ । तर यदि सुधारमुखी नेतृत्वले संस्थागत नियन्त्रणलाई पूर्ण रूपमा बेवास्ता गर्न खोज्यो भने कार्यकारी सत्ता अत्यधिक केन्द्रीकृत हुने र लोकतान्त्रिक क्षयको जोखिम बढ्नेछ ।

यसकारण यो केवल सुधारउन्मुख वा विरूद्ध अवरोधको संघर्ष होइन । यो नेपाली राज्यको भावी स्वरूपबारेको गहिरो संघर्ष हो । के नेपाल द्वन्द्वपछिको सहमतिमूलक ढाँचामै चलिरहने हो ? वा अब राज्यका संस्थाहरु जनादेश-उत्तरदायी र रूपान्तरणमुखी शासन प्रणालीतर्फ विकसित हुनुपर्छ ?

नेपालको वर्तमान संक्रमणको अर्को गहिरो पक्ष 'स्टेजक्राफ्ट' र 'स्टेटक्राफ्ट' बीचको बढ्दो तनाव हो । आधुनिक राजनीतिक नेतृत्व अब केवल प्रशासनिक क्षमताले मात्र मूल्यांकन हुँदैन । प्रतीकवाद, राजनीतिक सन्देश, सार्वजनिक शैली तथा परिवर्तन 'प्रक्षेपण' गर्ने क्षमताले पनि नेतृत्वलाई परिभाषित गर्न थालेको छ । बालेन शाहको राजनीतिक शैलीलाई यही दृष्टिकोणबाट बुझ्न सकिन्छ । असामान्य सञ्चार शैली, पुराना संरचनासँग सार्वजनिक टकराव तथा परम्परागत राजनीतिक संस्कृतिप्रतिको दूरी केवल व्यक्तिगत विशेषता होइन, ती २००६ पछिको स्थापित संरचनाविरूद्धका राजनीतिक संकेत हुन् । तर इतिहासले एउटा स्पष्ट कुरा देखाउँछ– 'स्टेजक्राफ्ट' ले मात्र राज्य रूपान्तरण गर्न सक्दैन । दीर्घकालीन परिवर्तन अन्ततः 'स्टेटक्राफ्ट' मा निर्भर हुन्छ– संस्थागत सुधार, गठबन्धन व्यवस्थापन, आर्थिक शासन, प्रशासनिक पुनःसंरचना, कानुनी अनुकूलन तथा रणनीतिक सहमति निर्माणको कठिन प्रक्रियामा । नेपाल अहिले यही मोडमा उभिएको छ ।

यदि सुधारमुखी ऊर्जा पुरानो शक्ति सन्तुलन जोगाउन खोज्ने संस्थाहरूसँग ठोक्किरहृयो भने राजनीतिक ध्रुवीकरण र वैधताको संकट बढ्ने सम्भावना छ । तर यदि संस्थाहरूले समायोजन, अनुकूलन र व्यवस्थागत रूपान्तरणमार्फत परिवर्तनलाई आत्मसात् गर्न सके भने दीर्घकालीन स्थायित्व सम्भव छ । नेपालको मूल चुनौती अब परिवर्तन चाहिन्छ कि चाहिँदैन भन्ने होइन । किनकि, त्यो निर्णय जनताले लगभग गरिसकेका छन् । वास्तविक प्रश्न अब यो हो– नेपालका संस्थाहरु तीव्र गतिमा बदलिँदै गएको जनादेशसँगै आफूलाई अनुकूल बनाउन कति सक्षम छन् ?

रास्वपाका लागि १०० दिनका उद्देश्यहरु तीन चरणमा देखिन्छन् । पहिलो महिना अपेक्षाको चरण थियो, जुन अहिले देखिइसकेको छ । दोस्रो महिना प्रतिरोधको चरण हो, जुन अहिले भइरहेको छ । तेस्रो महिना भने अन्योलको चरण बन्न सक्छ– जहाँ अवस्था या त संकटतर्फ जान सक्छ वा सफलताको मुकुट पहिरिने मोडमा पुग्न सक्छ । आगामी वर्षहरूमा नेपाल लोकतान्त्रिक रूपान्तरणतर्फ जान्छ कि लोकतान्त्रिक टकरावतर्फ, त्यसको निर्धारण यही प्रश्नले गर्नेछ । *- कान्तिपुर*



# विदेशबाट फर्किने श्रमिकले एउटा मोबाइल र ६५ इन्चको टिभी ल्याउन पाउने

काठमाडौं । सरकारले विदेशबाट फर्किने नेपाली नागरिक, वैदेशिक रोजगारीमा रहेका श्रमिक, गैरआवासीय नेपाली (एनआरएन) तथा विदेशी यात्रुले आफ्नो साथमा ल्याउन/लैजान पाउने निजी प्रयोगका वस्तुसम्बन्धी नयाँ व्यवस्था सार्वजनिक गरेको छ । अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गर्दै १५ जेठदेखि लागू हुने गरी भन्सार सुविधाको विस्तृत व्यवस्था सार्वजनिक गरेको हो ।

नयाँ व्यवस्थाअनुसार नेपालमा स्थायी बसोवास गर्ने नेपाली नागरिक विदेशबाट फर्कदा व्यक्तिगत प्रयोगका लागि ल्याउने विभिन्न वस्तुमा पूर्ण भन्सार छुट पाउनेछन् । यसअन्तर्गत आफूले प्रयोग गरेका लुगाफाटा, ओछ्यान तथा घरगृहस्थीका पुराना सामग्री, उपचारपछि फर्किने बिरामीले ल्याएका औषधि, शारीरिक रूपमा अशक्त व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री, कानुनले तोकेको परिमाणसम्मको सुन तथा चाँदीका गहना, एक-एक थान ल्यापटप वा ट्याबलेट वा डेस्कटप कम्प्युटर, घडी, क्यामेरा, भिडियो क्यामेरा तथा मोबाइल फोनमा पूर्ण छुट दिइएको छ ।

वैदेशिक रोजगारीमा गएका नेपालीका लागि भने थप सुविधा दिइएको छ । श्रम स्वीकृति लिएर लगातार कम्तीमा ६ महिना विदेशमा काम गरेर फर्केका नेपालीले आफूले प्रयोग गर्ने मोबाइलबाहेक थप एक थान नयाँ मोबाइल पनि भन्सार छुटसहित ल्याउन पाउनेछन् । यस्तै, लगातार कम्तीमा १२ महिना वैदेशिक रोजगारी गरेर फर्केका नेपालीले ६५ इन्चसम्मको एक थान टेलिभिजन पनि पूर्ण भन्सार छुटमा ल्याउन सक्ने व्यवस्था गरिएको छ । तर, यस्तो सुविधा अभिलेख राखेर एकपटक मात्र प्रदान गरिनेछ । लगातार कम्तीमा ६ महिना विदेश बसेर फर्किने नेपालीले आफू आउने समयभन्दा अघि वा पछि कार्गो, हुलाक वा अन्य माध्यमबाट पठाएका घरायसी पुराना सामानमा पनि भन्सार छुट पाउनेछन् । तर, ती सामान आफैँ उपस्थित भएर भन्सार जाँचपास गराउनुपर्नेछ ।

सरकारले महसुल तिरेर ल्याउन पाइने वस्तुको सूची पनि निर्धारण गरेको छ । विदेशबाट फर्किने नेपालीले टेलिभिजन, म्युजिक सिस्टम, फ्रिज, वासिङ मेसिन, पंखा, रेडियो, घडी र मोबाइल फोन एक-एक थान, लुगाफाटा, जुत्ता र कस्मेटिक्स पाँच-पाँच थानसम्म, मिक्सर, जुसर, सिलाइ मेसिन, इस्त्री, राइसकुकरजस्ता विद्युतीय उपकरण दुई-दुई थानसम्म ल्याउन सक्नेछन् । खाद्य सामग्री १० किलोग्रामसम्म ल्याउन पाइनेछ भने चिकित्सक, इन्जिनियर र खेलाडीले आवश्यक सामग्री दुई-दुई थानसम्म ल्याउन पाउनेछन् ।

विदेशमा लामो समय बसेर फर्किने नेपालीका लागि थप राहत दिइएको छ । ६ महिनाभन्दा बढी तर एक वर्षभन्दा कम समय विदेश बसेर फर्किनेले १५ हजार रूपैयाँसम्म मूल्यका वस्तुमा भन्सार छुट पाउनेछन् । एक वर्षभन्दा बढी बसेर फर्किनेले २५ हजार रूपैयाँसम्मका वस्तुमा पूर्ण छुट पाउने व्यवस्था गरिएको छ । १६ वर्षभन्दा कम उमेरका यात्रुले भने उक्त सीमाको ५० प्रतिशत मात्र सुविधा पाउनेछन् ।

विदेशमा रहेका आफन्तले नेपालमा रहेका परिवार वा आफन्तलाई ५०० अमेरिकी डलरसम्म मूल्यका वस्तु पठाउन सक्ने व्यवस्था पनि गरिएको छ । त्यस्ता वस्तुमा लाग्ने भन्सार महसुल तिरेर जाँचपास गर्न सकिनेछ ।

भारतीय सेना वा प्रहरीबाट पेन्सन पाउने गरी अवकाशप्राप्त नेपालीले प्रमाण पेस गरेमा एकपटकका लागि ५० हजार रूपैयाँसम्मका निजी घरायसी सामग्रीमा पूर्ण भन्सार छुट पाउनेछन् । विदेश बसाइका क्रममा मृत्यु भएका नेपालीका परिवारले मृतक तथा परिवारका पुराना निजी सामग्री स्वदेश फर्काउँदा पनि सम्पूर्ण भन्सार छुट पाउने व्यवस्था गरिएको छ ।

गैरआवासीय नेपाली (एनआरएन)ले आफू एनआरएन भएको प्रमाण पेस गरेमा नेपाली नागरिकसरहका अधिकांश सुविधा प्राप्त गर्नेछन् । स्थलमार्गबाट भारत वा अन्य सीमावर्ती क्षेत्रतर्फ आवतजावत गर्ने व्यक्तिलाई भने राजपत्रमा उल्लेखित अधिकांश सुविधा नदिइने भएको छ । तर, ५०० रूपैयाँसम्म मूल्यका निजी प्रयोगका सामग्रीमा भन्सार नलाग्ने व्यवस्था गरिएको छ ।

**विदेशबाट फर्कँदा भन्सार छुट पाउने वस्तुहरू**

आफूले प्रयोग गरेका लुगाफाटा, ओछ्यान तथा घरगृहस्थीका पुराना सामग्री, उपचारपछि फर्किने बिरामीले ल्याएका औषधि, शारीरिक रूपमा अशक्त व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री, कानुनले तोकेको परिमाणसम्मको सुन तथा चाँदीका गहना, एक-एक थान ल्यापटप वा ट्याबलेट वा डेस्कटप कम्प्युटर, घडी, क्यामेरा, भिडियो क्यामेरा तथा मोबाइल फोनमा पूर्ण छुट, बच्चा बोक्ने पेराम्बुलेटर र ट्राइसाइकल एक-एक थान, चिकित्सकले ब्लडप्रेसर नाप्ने यन्त्र र स्टेथोस्कोप, खेलाडीले फुटबल, भलिबल, ब्याडमिन्टन वा क्रिकेट सामग्री तथा गायक-संगीतकारले गितार, हार्मोनियम, तबलालगायतका उपकरण ल्याउन सक्नेछन् । यसैगरी, सात किलोग्रामसम्म खाद्य सामग्री र एक लिटरसम्म मदिरा पनि भन्सार छुटमा ल्याउन पाइने ।

कम्तीमा ६ महिना रोजगार गरेर फर्किएका नेपालीले आफूले प्रयोग गर्नेबाहेक थप एक थान नयाँ मोबाइल भन्सार छुटमा ल्याउन पाउने । आफू आउने समयभन्दा अघि वा पछि कार्गो, हुलाक वा अन्य माध्यमबाट पठाएका घरायसी पुराना सामानमा पनि भन्सार छुट पाउने । तर, ती सामान आफैँ उपस्थित भएर जाँचपास गराउनुपर्ने । लगातार कम्तीमा १२ महिना रोजगारी गरेर फर्केका नेपालीले ६५ इन्चसम्मको एक थान टेलिभिजन पनि पूर्ण भन्सार छुटमा एक पटक मात्र ल्याउन पाउने ।

# लागत बढेपछि नागढुंगा सुरुङमार्गमा जापानले थप ऋण दिने

काठमाडौं । निर्माणको काम सम्पन्न भएको नागढुंगा सुरुङमार्ग परियोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले थप पाँच अर्ब ७० करोड जापानी येन (करिब पाँच अर्ब ४७ करोड) सहुलियत ऋण दिने भएको छ । थप ऋण सम्बन्धमा बुधबार जापान र नेपालबिच द्विपक्षीय हस्ताक्षर भएको हो । ऋण सम्झौतापत्रमा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सचिव घनश्याम उपाध्याय र वैदेशिक सहायता समन्वय महाशाखाका सहसचिव डा. धनीराम शर्मा तथा जापानको तर्फबाट राजदूत माएदा तोरू र जाइका नेपाल कार्यालयका प्रमुख प्रतिनिधि मात्सुजाकी मिजुकीले हस्ताक्षर गरेका छन् ।

असार ०८२ मा तत्कालीन केपी ओली नेतृत्वको मन्त्रिपरिषद्ले यो ऋण स्वीकार गर्ने निर्णय गरेको थियो । त्यसपछि आवश्यक प्रक्रिया पूरा भई ऋण सम्झौता भएको अर्थ मन्त्रालयका सहसचिव डा. धनीराम शर्माले ऋण बताए । 'परियोजनाको लागत बढेपछि थप ऋण लिने प्रक्रिया अघि बढेको थियो । अब जाइकाबाट पैसा आएपछि यसका बाँकी दायित्व भुक्तानी हुनेछ,' उनले भने ।

परियोजना निर्माणका लागि जापानले यसअघि १६ अर्ब ६३ करोड ६० लाख येन ऋण दिइसकेको छ । यससम्बन्धी २२ डिसेम्बर ०१६ द्विपक्षीय सम्झौता भएको थियो । अब परियोजनाको कुल ऋण २२ अर्बमाथि पुग्ने भएको छ । परियोजना निर्माणका लागि सडक विभाग र जापानकै हाज्मा एन्डो कर्पोरेसनबिच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो । त्यतिवेला साढे १३ अर्ब रूपैयाँ हाराहारीमा ठेक्का सम्झौता भएको थियो ।

यसमा नेपाली, जापानी येन र डलर गरेर तीन मुद्रामा ठेक्का रकम कायम गरिएको छ । यसबिचमा डलरको मूल्य बढ्दा परियोजनाको लागत बढेको छ । यस ठेक्कामा विदेशी मुद्रामा आउने परिवर्तनको जोखिम नेपाल आफैँले लिएको थियो । त्यसकारण, डलरको मूल्य बढ्दाको दायित्वको भार पनि नेपाललाई परेको छ । यसैगरी, निर्माणका क्रममा स्थानीयको माग सम्बोधनलगायतका कारण पनि परियोजनाको लागत बढेको छ । त्यसका लागि थप ऋण लिइएको छ । काम सम्पन्न भइसकेपछि भुक्तानी भने बाँकी छ ।

अब जाइकाबाट ऋण प्राप्त भएपछि सरकारले बाँकी रहेको दायित्व भुक्तानी गर्नेछ । परियोजनाको भौतिक निर्माणको काम सकिएपछि ठेक्काप्राप्त निर्माण कम्पनी हाज्मा एन्डो कर्पोरेसनले नेपाल सरकारलाई परियोजना हस्तान्तरण गर्दैछ । हाल यससम्बन्धी कागजात सडक विभागमा विचाराधीन छ । सडक विभागले स्वीकृति गरेपछि परियोजना हस्तान्तरण हुनेछ । यद्यपि, पश्चिम क्षेत्रमा पहिरो नियन्त्रणको काम भने बाँकी छ । त्यो काम भने निर्माण कम्पनीले हस्तान्तरणपछि पनि समानान्तर रूपमा अघि बढाउने परियोजना कार्यालयको भनाइ छ ।

सरकारले जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को ऋण सहयोगमा यो परियोजना बनाएको हो । यसको निर्माणको ठेक्का पनि जापानिज कम्पनीले नै पाएको थियो । सुरुङमार्ग निर्माणका लागि सडक विभाग र कम्पनीबिच सेप्टेम्बर ०१९ मा ठेक्का सम्झौता भएको थियो । त्यसको ४२ महिना अर्थात् अप्रिल ०२३ भित्र आयोजनाको निर्माण सम्पन्न गर्नुपर्ने पहिलो सम्झौता थियो । तर, बिचमा कोरोना महामारीलगायतका कारण पनि आयोजनाको निर्माण कार्य प्रभावित भयो ।

त्यसपछि कोरोनाका कारण ८६ दिनसहित गरेर दुईपटक म्याद थप गरेर अप्रिल ०२४ सम्म पुऱ्याइएको थियो । तर, त्यस अवधिमा पनि कम्पनी सम्पन्न हुन सकेन । त्यसपछि कम्पनीलाई १८ महिना म्याद थप गरेर २५ अक्टोबर ०२५ सम्म पुऱ्याइएको थियो, जुन म्याद गत ७ कात्तिकमा सकिएको थियो । त्यस अवधिमा पनि काम नसकिएपछि ठेक्काको म्याद थप गरेर १२ वैशाखसम्म ल्याइएको थियो ।

अब निर्माण कम्पनीले परियोजनाको नेपाल सरकारलाई हस्तान्तरण गर्नेछ । सुरुङमार्ग सञ्चालनका लागि चिनियाँ प्राविधिक पनि फिल्डमा आइसकेका छन् । सुरुङमार्ग सञ्चालनका लागि चिनियाँ संलग्न जोइन्टभेन्चर कम्पनी युक्सिन-एआरटी ठेक्का पाएको छ ।

खेलकुद

# नेपाल महिला साफको सेमिफाइनलबाटै बाहिरियो

साबिक विजेता बंगलादेश लगातार तेस्रोपटक दक्षिण एसियाली महिला फुटबल (साफ) च्याम्पियनसिपको फाइनलमा प्रवेश गरेको छ । भारतको गोवास्थित नेहरु रंगशालामा बुधबार भएको सेमिफाइनलमा बंगलादेशले नेपाललाई २-१ ले हराउँदै अन्तिम दुईमा स्थान सुरक्षित गरेको हो । सन् २०२२ यता बंगलादेशले साफ च्याम्पियनसिपमा उपाधिको दाबेदारी दिइरहेको छ ।

बंगलादेशले पछिल्लो समयमा महिला फुटबलमाथि लगानी गरिरहेको छ । उमेर समूहदेखि सिनियरसम्म बंगलादेश फुटबल संघले लगानी गर्दा उसले अन्तर्राष्ट्रियस्तरमा सफलता चुमिरहेको छ । कुनै समय नेपालभन्दा कमजोर मानिएको बंगलादेश अहिले दक्षिण एसियाकै महिलातर्फ बलियो टोली बनेको छ । नेपालले अन्तिमपटक बंगलादेशलाई सन् २०१९ मा विराटनगरमै भएको साफ च्याम्पियनसिपमा हराएको थियो । त्यसवेला नेपालले बंगलादेशलाई ३-० ले पाखा लगाएको थियो ।

त्यसपछि बंगलादेश नेपालमाथि हाबी हुँदै आएको छ । साफ च्याम्पियनसिपमा नेपाल ६ पटकको सर्वाधिक उपविजेता हो । महिला टोलीले समग्रमा एक दर्जनभन्दा बढी फाइनलमा स्थान बनाए पनि उपाधि जित्न सकेको छैन । बंगलादेशले नेपालमाथि सन् २०२२ को फाइनलमा ३-१ र सन् २०२४ को उपाधि भिडन्तमा २-१ ले जित निकालेको थियो । अब बंगलादेशको नजर उपाधिमाथि ह्याट्रिक गर्नु हो ।

नेहरु रंगशालामा नेपालका लागि गीता रानाले एक गोल गरेकी थिइन् । बंगलादेशकी प्लेयर अफ दी म्याच रितु पुर्ना चक्माले बराबरी गोल फर्काइन् । बंगलादेशले नेपाली खेलाडीबाट भएको आत्माघाती गोलबाट अग्रता लियो । बंगलादेशकी सागोरिकाको प्रहार प्रीति राईलाई लाग्दै गोल भएको थियो ।

पछिल्लो समयमा महिला टोलीको फिनिसिङ कमजोर बनिरहेको छ । मुख्य स्ट्राइकर सावित्री भण्डारी घाइते भई मैदानबाहिर छिन् । सावित्राको अनुपस्थितिमा नेपालले अन्तर्राष्ट्रिय खेलमा गोल गर्न सकेको छैन । चालू साफ च्याम्पियनसिपमा नेपालले चार गोल गरेको छ । जसमध्ये एक गोल स्ट्राइकर रश्मिकुमारी घिसिङबाट निस्कियो । दुई गोल गीता र एक गोल कप्तान रेनुका नगरकोटेको नाममा रह्यो । रेनुकाले आफ्नो १६ वर्षे खेल करिअरमा पहिलो गोल गरेकी हुन् । प्रभावशाली स्ट्राइकर सावित्रा घाइते हुनु नेपालका लागि घाटा देखियो । बंगलादेशविरुद्ध प्राप्त अवसरमा रेखा पौडेल, रश्मिकुमारी, मीना देउवा, डेब्यु गरेकी अनिता लम्जेलजस्ता स्ट्राइकरले पनि आफूलाई प्रमाणित गर्न सकेनन् । नेपालले समूह 'ए'को पहिलो खेलमा भुटानलाई १-० र दोस्रो खेलमा श्रीलंकालाई २-० ले हराउँदै विजेता बनेर सेमिफाइनल पक्का गरेको थियो । बंगलादेश भने पहिलो खेलमा माल्दिभ्सलाई ४-२ ले हराउँदा भारतसँग ३-० ले पराजित भएको थियो ।

खेलमा बंगलादेशको तुलनामा नेपाली खेलाडीले नै आक्रामक खेलेका थिए । नेपालले पहिलो हाफमा पूर्ण रूपमा दबाब बनाएको थियो । तर, दोस्रो हाफमा अन्तिम १० मिनेट सम्हालिँदै बंगलादेश जित निकाल्न सफल भएको हो । खेलको २३औँ मिनेटमा गीताले नेपाललाई १-० को अग्रता दिलाइन् । दीपा शाहीको कर्नरलाई बंगलादेशका गोलरक्षक र डिफेन्डरले राम्ररी क्लियर गर्न नसकेको बललाई गीताले डिबक्सभित्रबाट सुन्दर गोल गरेकी हुन् । यसअघि उनले भुटानविरुद्ध विजयी गोल गरेकी थिइन् ।

पहिलो हाफको इन्जुरी समयमा बंगलादेशले बराबरी गोल फर्कायो । रितुले कर्नरमै सिधै गोल गर्न सफल भइन् । उनको कर्नर नेपाली गोलरक्षक अञ्जिलाले क्लियर गर्न सकिनन् । खेलको अन्तिम इन्जुरी समयमा सागोरिकाले गोलरक्षक अञ्जिलालाई बिट गर्दै गरेको क्रस प्रीतिलाई लागेर गोलमा परिणत भएको थियो । साफ च्याम्पियनसिपका लागि कम्बोडियाको लिगमा आबद्ध प्रीति भारतमा पुगेकी हुन् । नेपालको पहिलो दुई खेल हुँदा उनी कम्बोडियामै व्यावसायिक लिग खेलिरहेकी थिइन् ।

# नेपाली क्रिकेट टिम एसियन खेलकुदमा छनोट

नेपाली राष्ट्रिय पुरुष टोलीले जापानमा हुने २०औँ एसियन खेलकुद प्रतियोगिता (एसियाड)अन्तर्गत क्रिकेट विधामा स्थान सुरक्षित गरेको छ । एसियाडको छनोटअन्तर्गत सिंगापुरमा चलिरहेको प्रतियोगितामा मंगलबार मलेसियाले चीनलाई हराएसँगै समूह 'ए'बाट छनोट भएको हो । नेपालसँगै यस समूहबाट मलेसिया पनि छनोट भएको छ । मलेसिया र नेपाल एक खेलअगाडि नै अन्तिम चारमा पुगेका हुन् ।

महिला टोली भने एसियाडमा छनोटबाट बाहिरिएको थियो । महिला टोली सेमिफाइनलमा चीनसँग डकवर्थ लेविससँग पराजित हुँदै छनोट चरणबाटै बाहिरिएको थियो । नेपाल र मलेसिया बिहीबार समूह विजेता बन्नका लागि खेल्नेछन् । चीन लगातार दुई खेलमा हारको सामना गर्दै एसियाडमा छनोट भएन । सात टोली सहभागी छनोट प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको छ । हरेक समूहबाट शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्ने प्रावधान छ ।

अन्तिम चारमा पुग्ने टोली सिधै एसियाडमा छनोट हुने एसिसीले जनाएको छ । नेपालको समूहमा मलेसिया र चीन मात्र थिए । कतारले नाम फिर्ता लिएपछि नेपाल र मलेसियाले एक-एक खेल जित्नेबित्तिकै शीर्ष २ को टुंगो लागेको हो । एसियाड आगामी सेप्टेम्बरमा जापानको नागोया र आइचीमा हुँदै छ । यसैगरी, समूह 'बी'बाट हङकङ, ओमान, सिंगापुर र बहराइनमध्ये दुई टोली छनोट हुनेछन् । यसअघि एसिसीले आइसिसी वरीयताको आधारमा ६ टोलीलाई सिधै एसियाडमा स्थान दिएको थियो ।

जापान आयोजकका रूपमा छनोट भएको थियो । साबिक विजेता भारतसहित पाकिस्तान, श्रीलंका, बंगलादेश र अफगानिस्तान छनोट भइसकेका छन् । एसियाडमा १० टोलीबिच स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुनेछ । चीनको हाङ्काउमा भएको १९औँ संस्करणमा नेपालले भारतसँग प्रतिस्पर्धा गरेको थियो । नेपालले मंगोलियाविरुद्ध टी-२० आई इतिहासमै पहिलोपटक तीन सय १४ रनको योगफल बनाएको थियो । टी-२० आईमा तीन सयभन्दा माथि रन बनाउने नेपाल पहिलो हो ।

## कर्पोरेट

### ● नबिल बैंक र नागरिक लगानी कोषबिच अवकाश कोष व्यवस्थापन सम्झौता

नबिल बैंक लिमिटेड र नागरिक लगानी कोषबिच बैंकका कर्मचारीहरूको अवकाश कोषको व्यवस्थापन गर्नेसम्बन्धी सम्झौता भएको छ । सम्झौतापत्रमा कोषका निर्देशक छविरमण अधिकारी र बैंकका मानव संसाधन विभाग प्रमुख दिवस कार्कीले हस्ताक्षर गरेका हुन् । सम्झौताअनुसार बैंकका कर्मचारीले मासिक रूपमा कोष कट्टी गरी नियमित रूपले लगानी कोषमा रकम जम्मा गर्नुपर्नेछ भने कोषले व्यक्तिगत खाता तयार गरी अभिलेख राख्नेछ । बैंकको सिफारिसमा सेवानिवृत्त कर्मचारीलाई अवकाश रकम भुक्तानी गर्ने व्यवस्था पनि कोषले गर्ने सहमति भएको छ । बैंकका कर्मचारीले कोषमा जम्मा भएको रकमको नियमानुसार ब्याज, प्रतिफल तथा अन्य सेवा-सुविधा प्राप्त गर्नेछन् । बैंकको अवकाश कोष योजनाको व्यक्तिगत खातामा रहेको रकम, ऋण रकम तथा लगानीसहितको विवरण कोषलाई बुझाउनुपर्ने व्यवस्था गरिएको छ ।

कोषले अवकाश वा सेवानिवृत्त भएका कर्मचारीलाई नियमानुसार कर कट्टा गरी भुक्तानी उपलब्ध गराउनेछ । त्यसका लागि बैंकले आफ्ना कर्मचारीको विवरण कोषलाई उपलब्ध गराउने, मासिक तथा वार्षिक रूपमा कट्टा गरिएको रकम सम्बन्धित कोषमा जम्मा गर्ने तथा सेवानिवृत्त कर्मचारीको अवकाश रकम भुक्तानीका लागि सिफारिस गर्नुपर्नेछ । योसँगै आयकर ऐन २०५८ बमोजिम स्वीकृत अवकाश कोषका रूपमा सञ्चालित साबिकका अवकाश कोषहरूमा रहेको बैंकका कर्मचारीको अवकाश, उपदान र अतिरिक्त अवकाश कोषको रकम कोषमा रकमान्तरण गरिने पनि सम्झौतामा उल्लेख छ ।

### ● सिद्धार्थ बैंकद्वारा विद्यालय भवन पुनर्निर्माण

सिद्धार्थ बैंक लिमिटेडले विद्यालय पुनर्निर्माण गरी हस्तान्तरण गरेको छ । बैंकले रूकुम पश्चिमको सानीभेरी गाउँपालिका- १, भण्डारवनस्थित जनप्रिय आधारभूत विद्यालय भवन उद्घाटन गरी विद्यालयलाई हस्तान्तरण गरेको हो । ०८० कात्तिक १७ गतेको विनाशकारी भूकम्पले उक्त विद्यालय क्षतिग्रस्त बनेको थियो । विद्यालय भवन पुनर्निर्माण गरी बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले भवनको उद्घाटन गरी विद्यालयका प्रधानाध्यापक हंसबहादुर खड्कालाई हस्तान्तरण गरेका हुन् ।

उक्त कार्यक्रममा बैंकका प्रमुख मार्केटिङ अधिकृत सुरेशराज महर्जन, कर्पोरेट बैंकिङ प्रमुख प्रसन्न खड्का, लघु, साना तथा मझौला उद्यम बैंकिङ प्रमुख प्रदीप पन्त, मुसिकोट शाखा प्रबन्धक धर्मनन्द अवस्थी, सानीभेरी गाउँपालिकाका अध्यक्ष बिर्खबहादुर विष्ट, उपाध्यक्ष कमला रोका पुनलगायतको उपस्थिति थियो । बैंकका सिइओ बस्यालले विद्यालय भवन निर्माण केवल भौतिक संरचना निर्माणमा सीमित नभई भूकम्पपछिको पुनर्स्थापना, बालबालिकाको सुरक्षित भविष्यप्रतिको प्रतिबद्धता तथा गुणस्तरीय शिक्षामार्फत समाज रूपान्तरण गर्ने साझा संकल्पको प्रतीक भएको बताए ।

उक्त नवनिर्मित भवनले विद्यार्थीमा सुरक्षित र गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्दै शिक्षण–सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउनुका साथै नियमित पठनपाठनको निरन्तरता र समग्र शैक्षिक वातावरण सुदृढीकरणमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास बैंकले लिएको छ । बैंकले दिगो विकास लक्ष्यलाई सधैँ उच्च प्राथमिकतामा राखी समाज विकासमा टेवा पुऱ्याउने उद्देश्य लिएको छ ।

### ● सिटिजन्स बैंक र एपिआई बैंकिङ प्लाटफर्म न्यापिडबिच सहकार्य

सिटिजन्स बैंक इन्टरनेसनल र एपिआई बैंकिङ प्लाटफर्म न्यापिडबिच सहकार्य भएको छ । यो सहमतिसँगै बैंकका कर्पोरेट ग्राहकले खाताको ब्यालेन्स हेर्न, स्टेटमेन्ट डाउनलोड गर्न र फन्ड ट्रान्सफर गर्न, इएमआई भुक्तानी गर्न तथा तलब वितरण गर्न फरक–फरक प्लाटफर्म प्रयोग गर्नुपर्ने झन्झटबाट मुक्ति पाउनेछ । न्यापिड एपिआई आधारित बैंकिङ प्लाटफर्म हो, जसले बैंकिङ एज ए सर्भिस मोडेलमार्फत बैंक, फिनटेक तथा डिजिटल सेवाप्रदायकलाई जोड्ने काम गर्छ । यो सेवामा सिटिजन्स बैंकको प्रणालीमा पनि एकीकृत गरिएको छ ।

बैंकका ग्राहकले आफ्नै सफ्टवेयर वा इआरपी प्रणालीमार्फत एउटै प्लाटफर्म प्रयोग गरेर विभिन्न बैंकिङ सेवा सञ्चालन गर्न सक्नेछन् । प्रयोगकर्ताले कनेक्ट विथ एपिआई बैंकिङ विकल्पमार्फत आफ्नो बैंक खाता लिंक गर्न सक्नेछन् । यो सहकार्यले बैंकका कर्पोरेट ग्राहकको सेवा प्रवाहमा रूपान्तरण ल्याउनुका साथै वित्तीय कामकाजलाई डिजिटल रूपमा एकीकृत गर्ने काम गर्नेछ । साथै, व्यवसायहरूको समय, लागत र सञ्चालनसम्बन्धी झन्झट पनि घट्ने विश्वास बैंकले लिएको छ । ग्राहकले सेवा प्रयोग गर्न बैंकमा एकपटक मात्र मोबाइल बैंकिङजस्तै फाराम भर्नुपर्नेछ । त्यसपछि अधिकांश सेवा अनलाइनमार्फत सञ्चालन गर्न सकिने बैंकले जनाएको छ । न्यापिडमा इन्ड-टु-इन्ड इन्क्रिप्सन, मल्टिलेयर भेरिफिकेसन तथा अत्याधुनिक सुरक्षा प्रोटोकल प्रयोग गरिएको छ, जसले सबै प्रकारका डिजिटल ट्रान्जेक्सनलाई सुरक्षित बनाउने बैंकले जनाएको छ । बैंकले दुई सय शाखा, एक सय ६९ एटिएम, तीन विस्तारित काउन्टर र ४२ वटा शाखारहित बैंकिङ एकाइबाट सेवा प्रदान गर्दै आएको छ ।

### ● एनआइसी एसियाद्वारा धनुषाको विद्यालयलाई शैक्षिक सामग्री सहयोग

एनआइसी एसिया बैंकले धुनषाको दुधमती राष्ट्रिय प्राथमिक विद्यालयमा विभिन्न शैक्षिक सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जनामा सहयोग गर्ने उद्देश्यका साथ शैक्षिक सामग्री सहयोग गरेको हो । बैंकका जनकपुर सर्कल हेड उत्सुकराज श्रेष्ठले उक्त विद्यालयकी प्रधानाध्यापक ममता पण्डितलाई एक कार्यक्रमबिच झोला तथा अन्य शैक्षिक सामग्री हस्तान्तरण गरे । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सितेशकुमार झा, शिक्षक तथा विद्यार्थीसहित बैंकका कर्मचारीको उपस्थिति थियो । बैंकले उपलब्ध गराएको उक्त सहयोगले विद्यार्थीको पठनपाठनमा अझ धेरै सहजता हुनुका साथै विद्यालयमा गुणस्तरीय शैक्षिक वातावरण सिर्जना गर्न सहयोग पुग्ने बैंकले विश्वास लिएको छ ।

### ● नेपाल एसबिआई बैंकद्वारा विद्यार्थीलाई शैक्षिक तथा खेल सामग्री हस्तान्तरण

नेपाल एसबिआई बैंक लिमिटेडले सुनसरीको इटहरी उपमहानगरपालिका-८ स्थित सेतो गुराँस नमुना बालबाटिका आधारभूत विद्यालयका विद्यार्थीलाई शैक्षिक तथा खेलकुद सामग्रीहरु प्रदान गरेको छ।

बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत सो विद्यालयमा अध्ययनरत सम्पूर्ण विद्यार्थीका लागि स्कुल ब्याग, शैक्षिक तथा खेलकुद सामग्रीहरु प्रदान गरेको हो। उक्त सामग्रीहरु बैंककी कोशी प्रदेश प्रमुख दमयन्ती जोशीले विद्यालयकी प्रधानाध्यापक लक्ष्मी चौधरीलाई हस्तान्तरण गरिन् । यस किसिमको पहलले विद्यालयको शैक्षिक वातावरण प्रभावकारी हुनुका साथै विद्यार्थीहरूको पठनपाठनमा थप सहजता ल्याउने बैंकको अपेक्षा छ। यस कार्यक्रमबाट गरिब तथा विपन्न वर्गका ११० भन्दा बढी विद्यार्थीहरु लाभान्वित भएका छन्।

### ● फलाखु खोला जलविद्युत् आयोजनामा ९५ करोड २० लाख लगानी सुनिश्चित

एनआइसी एसिया बैंकले आफ्नो लगानी पोर्टफोलियो विविधिकरण गर्ने क्रममा जलविद्युत् क्षेत्रमा लगानी विस्तार बढाएको छ। यसैक्रममा बैंक र रसुवा हाइड्रोपावर लिमिटेडबिच नौकुण्ड गाउँपालिकास्थित ७.२९ मेगावाट जलविद्युत् उत्पादन क्षमता भएको फलाखु खोला जलविद्युत् आयोजनामा ९५ करोड २० लाख रूपैयाँ लगानी गर्ने विषयमा समझदारीपत्रमा हस्ताक्षर भएको छ। एक कार्यक्रमबिच उक्त समझदारीपत्रमा बैंकका तर्फबाट सहायक प्रमुख कार्यकारी अधिकृत जयन्द्र रावल र रसुवा हाइड्रोपावर लिमिटेडका तर्फबाट अध्यक्ष दीपक थापाले हस्ताक्षर गरेका छन्। नेपाल सरकारको स्वच्छ ऊर्जा उत्पादन लक्ष्यलाई सहयोग पुऱ्याउँदै दिगो ऊर्जा विकासमा महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको यस जलविद्युत् आयोजना दुई वर्षमा सम्पन्न गर्दै वार्षिक करिब ३८.७४ गिगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ। यो जलविद्युत् आयोजना निर्माण सम्पन्न भएपछि मुलुकमा स्वच्छ ऊर्जा उत्पादन भई आर्थिक वृद्धि र स्वच्छ वातावरणीय पक्षमासमेत विशेष टेवा पुग्ने विश्वास लिएको बैंकले जनाएको छ।

### ● सूर्यज्योति लाइफ इन्स्योरेन्सको 'इकर्जा-इ्याप्पै क्याम्पेन' सार्वजनिक

नेपालमै पहिलोपटक पूर्ण रूपमा डिजिटल माध्यमबाट बिमा धितोमा ऋण प्रवाह गर्ने उद्देश्यसहित सूर्यज्योति लाइफ इन्स्योरेन्सले आफ्नो नयाँ अभियान 'इकर्जा- इ्याप्पै क्याम्पेन' शुभारम्भ गरेको छ।

डिजिटल वित्तीय सेवाको विस्तार तथा ग्राहकलाई सहज, छिटो र झन्झटरहित ऋण सेवा उपलब्ध गराउने लक्ष्यसहित सुरू गरिएको यस अभियानमार्फत योग्य बिमितहरूले अब घरमै बसेर अनलाइन प्रक्रियामार्फत ऋण प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ। अभियानअन्तर्गत ग्राहकहरूले अधिकतम रू. २ लाखसम्मको तत्काल ऋण प्राप्त गर्न सक्नेछन्। साथै, ऋण आवेदन गर्दा लाग्ने रू. ५० सेवा शुल्कमा सय प्रतिशत क्यासब्याक सुविधा पनि उपलब्ध गराइएको कम्पनीले जनाएको छ।

यो सेवाको सबै प्रक्रिया पूर्ण रूपमा डिजिटल रहेकाले कुनै कागजी प्रक्रिया वा अतिरिक्त दस्ताबेज आवश्यक पर्दैन। योग्य बिमितहरूले आफ्नो ऋण योग्यता सूर्यज्योति मोबाइल एपमार्फत सहजै जाँच गर्न सक्नेछन्। त्यसपछि ग्राहकहरूले उपलब्ध गराइएको खल्ती लिंकबाट सिधै वा खल्ती एपमार्फत प्रक्रिया पूरा गरी तुरून्तै कर्जा प्राप्त गर्न सक्नेछन्।

### ● शतप्रतिशत स्वामित्व पाए मात्रै स्टारलिंक नेपाल आउने

स्याटेलाइट प्रविधिमा आधारित इन्टरनेट सेवाप्रदायक अन्तर्राष्ट्रिय कम्पनी स्टारलिंकले अनुमतिपत्र (लाइसेन्स)मा शतप्रतिशत स्वामित्व पाए मात्रै नेपाल आउने सर्त राखेको छ । विश्वकै सबैभन्दा धनी व्यक्ति एलन मस्कको कम्पनी स्टारलिंकले नेपालमा इन्टनरनेट सञ्चालनका लागि यस्तो सर्त राखेको हो । स्टारलिंककी निर्देशक रेबिका हन्टरले सोमबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासँग मन्त्रालयमा भेटवार्ता गर्दै आफूहरु नेपालमा सेवा सञ्चालनका लागि इच्छुक रहेको बताएकी हुन् । तर, त्यसका लागि कानुनी तथा नीतिगत सहजीकरण चाहिने उनले बताइन् ।

भेटका क्रममा हन्टरले स्टारलिंकले नेपालमा इन्टरनेट सेवा सञ्चालनका लागि अनुमति लिन चाहेको, तर केही नीतिगत तथा कानुनी जटिलताका कारण अनुमति पाउन नसकेको बताइन् । लाइसेन्समा शतप्रतिशत स्टारलिंककै स्वामित्व भए मात्र अनुमति लिन सकिने उनले राखिन् । यद्यपि, व्यावसायिक साझेदारी तथा सहकार्यका लागि नेपालका केही सेवाप्रदायकसँग छलफल भइरहेको उनले बताइन् । भेटमा सञ्चारमन्त्री डा. तिमिल्सिनाले विद्यमान दूरसञ्चार नीति तथा कानुनी व्यवस्थाअनुसार वैधानिक प्रक्रियाअनुरूप सेवा सञ्चालन गर्न कुनै अवरोध नहुने बताए ।

### ● भायानेटको वाइफाइ ६ इन्टरनेट र भायाटिभीसँगै 'अब स्टेडियम घरमै' अफर सार्वजनिक

भायानेट कम्युनिकेसन्सले ग्राहकहरूका लागि वाइफाइ ६ प्रविधिसहितको २५० एमबिपिएस इन्टरनेट प्याकेज वार्षिक १३ हजार आठ सय रूपैयाँ (करसहित) मा उपलब्ध गराएको छ। कम्पनीका अनुसार उक्त अफरअन्तर्गत सामान्यतया दुई हजार ८२५ रूपैयाँ पर्ने वाइफाइ ६ ओएनयू जडान शुल्क नलाग्नेछ भने ग्राहकले केवल एक हजार रूपैयाँ डिपोजिट तिर्नुपर्नेछ। यो प्याकेज छिटो, भरपर्दो तथा आधुनिक इन्टरनेट अनुभव चाहने ग्राहकलाई लक्षित गरिएको कम्पनीले जनाएको छ। ग्राहकहरूले इन्टरनेट प्याकेजसँगै भ्याट सेवा मासिक २५० रूपैयाँ (करसहित) मा थप गर्न सक्नेछन्। भायाटिभीमार्फत दुई सयभन्दा बढी च्यानल, लाइभ टिभी पज तथा रेजुम, कार्यक्रम तालिका, चलचित्र र सिरिजलगायतका मनोरञ्जनात्मक सामग्री हेर्न सकिने व्यवस्था रहेको छ। कम्पनीले वार्षिक प्याकेज लिने ग्राहकलाई पहिलो सेट-टप-बक्सको दुई हजार २६० रूपैयाँबराबरको सक्रिय शुल्क छुट दिने जनाएको छ। सेट-टप-बक्सका लागि भने एक हजार रूपैयाँ डिपोजिट लाग्नेछ।

यसैगरी, ग्राहकलाई थप लाभ उपलब्ध गराउने उद्देश्यले भायानेटले वार्षिक प्याकेज नवीकरण गर्ने ग्राहकले एक हजार पाँच सय रूपैयाँबराबरको एकवर्षे डामी एप सदस्यता निःशुल्क प्राप्त गर्नेछन्। डामी एपमार्फत रेस्टुरेन्ट, कपडा पसल, सैलुन तथा खुद्रा पसलहरूमा आकर्षक छुट प्राप्त गर्न सकिने कम्पनीले जनाएको छ। यो सुविधा हाल काठमाडौं, पोखरा र चितवनका ग्राहकका लागि मात्र लागू हुनेछ।

### ● बालबालिकाको उपचारमा आइएमई लाइफको सहयोग

आइएमई लाइफ इन्स्योरेन्स लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत बालक्ष्य डेभलपमेन्ट एन्ड केयर प्रालिलाई आर्थिक सहयोग प्रदान गरेको छ। उक्त सहयोग न्युरो डेभलपमेन्टल डिसअर्डरबाट प्रभावित बालबालिकाको उपचार तथा पुनर्स्थापना सेवाका लागि उपयोग गरिने बताइएको छ। यस कार्यक्रमअन्तर्गत आइएमई लाइफ इन्स्योरेन्सले ३ लाख रूपैयाँ उपलब्ध गराएको छ, जसबाट प्रभावित बालबालिकाले आवश्यक थेरापी तथा विशेष हेरचाह सेवा प्राप्त गर्नेछन्। न्युरो डेभलपमेन्टल समस्याबाट प्रभावित बालबालिकालाई समयमै आवश्यक उपचार तथा थेरापी उपलब्ध गराउन सके उनीहरूको शारीरिक, मानसिक तथा सामाजिक विकासमा सकारात्मक प्रभाव पार्न सकिन्छ। बालक्ष्य डेभलपमेन्ट एन्ड केयरले विशेष आवश्यकता भएका बालबालिकाका लागि मूल्यांकन, परामर्श, थेरापी तथा पुनर्स्थापना सेवाहरु प्रदान गर्दै आएको छ।

### ● नेपालमा नयाँ पुस्ताको अनुभवसहितको विद्युतीय एसयुभी ल्याउँदै जिडब्ल्युएम

विश्व अटोमोबाइल उद्योगमा नवीन प्रविधि, गुणस्तरीय उत्पादन तथा दिगो गतिशीलताको प्रतीकका रूपमा स्थापित जिडब्ल्युएम (ग्रेट वाल मोटर्स) अब नेपाली विद्युतीय सवारीसाधन बजारमा नयाँ ऊर्जा, नयाँ सोच र अत्याधुनिक प्रविधिसहित थप सशक्त रूपमा प्रस्तुत हुने तयारीमा रहेको छ।

विश्वका १७० भन्दा बढी देशमा आफ्नो उपस्थिति विस्तार गर्दै लाखौँ ग्राहकको विश्वास जित्न सफल जिडब्ल्युएमले नेपालका लागि नयाँ पुस्ताको अत्याधुनिक विद्युतीय एसयुभी सार्वजनिक गर्ने संकेत दिएको छ। कम्पनीले हालसम्म उक्त मोडलको औपचारिक घोषणा नगरे पनि यससँग सम्बन्धित प्रारम्भिक विवरणहरूले अटोमोबाइल क्षेत्र तथा विद्युतीय सवारी पारखीहरूबिच उत्सुकता बढाएको छ।

आगामी विद्युतीय एसयुभीमा करिब ५२० किलोमिटरसम्मको ड्राइभिङ रेन्ज, स्मार्ट डिजिटल टेक्नोलोजी, अत्याधुनिक सुरक्षा प्रणाली तथा सहज र आधुनिक ड्राइभिङ एक्सपिरियन्स प्रदान गर्ने विभिन्न सुविधाहरु समावेश हुने अपेक्षा गरिएको छ। यसका साथै आकर्षक डिजाइन, प्रिमियम बाह्य संरचना, विशिष्ट लाइटिङ सिग्नेचर तथा आधुनिक सौन्दर्य शास्त्रले यसलाई सडकमा अलग पहिचान दिने विश्वास गरिएको छ। विशेष रूपमा यसको बहु–तह सुरक्षात्मक कोटिङ टेक्नोलोजीयुक्त बाह्य सतहले सानातिना स्क्र्याचहरूलाई सूर्यको तापबाट स्वाभाविक रूपमा पुनर्स्थापित गर्न सक्ने क्षमता प्रदान गर्ने बताइएको छ। यसले गाडीको सौन्दर्य र चमकलाई दीर्घकालसम्म कायम राख्न मद्दत गर्नेछ। प्रिमियम डिजाइन, एड्भान्स्ड टेक्नोलोजी, उत्कृष्ट पर्फर्मेन्स तथा आधुनिक जीवनशैलीसँग मेल खाने विशेषतासहित आउने यस नयाँ विद्युतीय एसयुभीले नेपाली अटोमोबाइल बजारमा नयाँ मापदण्ड स्थापित गर्ने अपेक्षा गरिएको छ।

### ● स्वास्थ्य बिमा : २० अर्बको बक्यौता, बजेटमा १५ अर्ब मात्रै

राज्यले स्वास्थ्य बिमाको बक्यौता २० अर्ब भए पनि बजेटमा १५ अर्ब मात्रै छुट्याएको छ । यसले स्वास्थ्य बिमा झन् विकराल बन्न सक्ने भन्दै कार्कीले सरकारको ध्यानाकर्षण गराए । 'स्वास्थ्य बिमा सरकारले बिगाऱ्यो, तर डाक्टरलाई दोषी देखायो, २० अर्ब बक्यौता छ, तर १५ अर्बको मात्रै आगामी वर्षको बजेट आयो, सेवा स्थानीय सरकार र प्रदेश सरकारले पनि लिएको छ, तर दायित्व कसैले लिन चाहँदैन । अर्थ मन्त्रालय र स्वास्थ्य मन्त्रालयले समेत दायित्व लिन खोजेको छैन,' कार्कीले भने । स्वास्थ्यका सवालमा तीन तहका सरकारबिच समन्वय नहुँदा स्वास्थ्य सेवाप्रवाहमै कठिनाइ हुने गरेको छ ।

एउटै स्वास्थ्यको कार्यक्रम तर तीन तहका सरकारले तीनतिरबाट फरक-फरक ढंगले सञ्चालन गर्दा प्रभावकारी नबनेको बागमती प्रदेश स्वास्थ्य स्वास्थ्य मन्त्रालयका सचिव डा. सुमित्रा गौतमले बताइन् । उनले प्रदेश तहको भूमिका स्वास्थ्यकर्मी, स्थानीय तह र संघ सरकारले नबुझ्दा स्वास्थ्यका कार्यक्रम कार्यान्वयनमा समस्या हुने गरेको बताइन् ।

## अयोगको...

छन् । मानव अधिकार आयोगले कारबाहीको सिफारिस गरेका व्यक्तिहरूले कुन युर्निभर्सल जुडिस्डिक्सन आकर्षण हुने कसुर गरे भनेर स्पष्ट पार्न सकेका छैन । मानव अधिकार आयोगले पश्चतादर्शी कानुन बनाउनु भन्ने आफैँमा हास्यास्पद रहेको छ ।

पश्चतादर्शी कानुन बनाएर कसैलाई पहिला गरेको अपराधमा दण्ड सजाएँ गर भन्नु त्यसमा पनि मानव अधिकार आयोगले आफूले पाएको अधिकारको दुपयोग गर्न बाहेक अन्य केही हुन सक्दैन । आयोगले भनेजस्तो पश्चतदर्शी कानुन बनाउ भन्दा दण्ड सजाएँ पनि एकदम कम रहेको छ । ६ महिना कैद वा ३ लाख रूपैँयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था राख्नु भनेको छ । मानवअधिकार आयोगलाई गम्भीर मानवअधिकार उल्लंघन गरेको हो भन्ने लागेको हो भने किन कमजोर दण्ड सजायँ हुने व्यवस्था सिफारिस गऱ्यो । अब त्यसको छानविन हुनुपर्दछ । मानवअधिकार आयोगले नै पश्चतादर्शी कानुन बनाउनु भन्नुको रहस्य के ? अब त्यस विषयमा पनि अनुसन्धान हुनुपर्दछ ।

फौजदारी न्यायको आधारभूत सिद्धान्त नै नागरकले कुनै कार्य गर्नु अघि त्यो कानुनत अपराध हो कि होइन भन्ने जानकारी पाउनुपर्दछ भन्ने हो तर मानवअधिकार आयोगले सामान्य प्रवृत्तिको मुद्दामा समेत पश्चतादर्शी कानुन बनाउन सिफारिस गर्नु चिन्ताको विषय हो । मानवअधिकार आयोगले निष्पक्ष र निडर भएर मानवअधिकारको दुरूपयोग भयो कि भएन भनेर अनुसन्धान गर्नुपर्नेमा भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा टिओबी ग्रुपले विद्यार्थी भाईबैनीहरूलाई घर जान समेत नदिएर भिडमा पठाएको किन देखेन ? मानवअधिकार आयोगले आज एउटा विषयमा पश्चतादर्शी कानुन बनाउनु भनेर सिफारिस गऱ्यो भने भोली त्यसैलाई देखाएर सरकारले त्यस्ता पश्चतादर्शी कानुन बनाउन सक्ने बाटो किन र कसको स्वार्थमा खोलिदियो अब त्यसको समेत छानविन हुनुपर्दछ ।

## पैसा हुने...

उद्दत रहनुको अर्थ के ? सरकारले निजी क्षेत्रका शिक्षण संस्था र निजी क्षेत्रका स्वास्थ्य संस्थालाई आफ्नो एजेण्टको रूपमा प्रयोग गर्ने प्रयास गरिरहेको छ । यी दुवै संस्थाहरूले सबै प्रकारका शुल्कमा ३ प्रतिशत कर उठाएर चौमासिक रूपमा आन्तरिक राजस्व कार्यालयमा बुझाउनुपर्ने र नबुझाएको खण्डमा जरिवाना तिनुपर्ने व्यवस्था गरेको छ ।

जनताले आफूमाथि अहिलेसम्म लाग्दै नलागेको कर आफूहरूलाई लगाउनैका लागि रास्वपालाई झण्डै दुई तिहाई मत दिएका हुन् त भन्न प्रश्न समेत जनताले उठाउन थालेका छन् । स्वास्थ्य र शिक्षा क्षेत्रमा कर लगाउनु भनेको गरिबका छोराछोरी नपढ्नु र डाक्टर इन्जिनियर हुन नसक्नु भनेका हो एक शिक्षकल बताए । शिक्षण संस्था र स्वास्थ्य संस्थाले उठाएको कर ४/४ महिनामा राजस्व कार्यालयमा दाखिला गर्नुपर्ने र नबुझाएको खण्डमा १५ प्रतिशत जरिवाना तिर्नुपर्ने व्यवस्थाप्रति पनि दुवै संस्थाले आपत्ति जनाएका छन् । जनताले झण्डै दुई तिहाई मत दिएर सरकार गठन गर्न सफल भएको रास्वपा र रास्वपा नेतृत्वको सरकारले सरकार गठन भएको ३ महिना नपुग्दै आफ्नो असुली रूप जनतासामू प्रष्ट पारेको छ ।

यसरी लगाइएको कर तत्काल फिर्ता लिन विभिन्न राजनीति दलहरु विद्यार्थी संगठन प्याब्सन र स्वास्थ्य क्षेत्रका विभिन्न संघ संस्थाले आग्रह गरेका भएपनि प्धानमन्त्री बालेन न बोल्छन् नत सुन्छन् अहिलेको वास्तविकता भनेको प्रधानमन्त्री चुपचाप बस्ने जनता विरोधी गरिरहने सरकार भने चुपचाप रहने जस्तो देखिएको छ ।

## संविधान ठूलो...

छ । यस्तै नियमावली २६० ले यो नियमावलीको व्याख्या गर्ने, अन्तिम अधिकार सभामुखलाई छ ।

यसमा उल्लेख भएका कुनै कानुन वा प्रावधानमा विवाद उत्पन्न भएमा वा अस्पष्टता भएमा त्यसको टुँगो लगाउने र सभामुखको निर्ण्य अन्तिम हुने उल्लेख गरिएको छ । नियम २६१ मा प्रतिनिधिसभा र प्रतिनिधिसभाका समितिका काम कारबाहीलाई आन्तरिक प्रक्रिया मानिने भनिएको छ । यससम्बन्धमा कुनै अदालतमा प्रश्न उठाउन नपाइने व्यवस्था गरिनुलाई गम्भीर रूपमा लिनुपर्ने आवश्यकता देखिएको छ । प्रतिनिधिसभामा रास्वपाको झण्डै दुई तिहाई मत रहेको र सभामुख समेत रास्वपाकै भएकाले संसदमा उपस्थित रहेका विपक्षीहरूको संख्या कमजोर रहेको अवस्थामा रास्वपाले आफ्नो पार्टी अनुकुल नियमावली बनाएर एकलौटी रूपमा संसद कब्जा गर्ने रणनीति लिएको जस्तो देखिएको छ ।

विपक्षी दलहरूले नियमावलका विवादस्पद प्रावधानमाथि प्रर्याप्त छलफल नगरि एकलौटी रूपमा हतार हतारमा पारित गरिएको आरोप लगाएका छन् । त्यसै कारण संसदमा झण्डै हात हालाहालको अवस्था समेत सिर्जना भएको थियो ।

नियमावली जबर्जस्ती पारित गरिएसँगै संसद आफ्नो अधिकार सुरक्षित गर्न खोज्दै छ कि आफूलाई अदालतको पहुँच भन्दा माथि अर्थात संविधान र अदालतभन्दा माथि राख्न खोज्दैछ भन्ने प्रश्न समेत उठेको छ । संसद र संसदले बनाउने नियमावली र निर्णयहरु संविधान भन्दा माथि हुन सक्दैनन् । संविधान विपरितका निर्णयहरु संसदले गर्न सक्दैन, तर जान्नेलाई छान्ने भन्ने रास्वपाले बहुमतको दम्भमा संविधानलाई नै उल्लंघन गर्ने र सांसदहरूलाई संविधान भन्दा माथि राख्ने प्रयास गरिरहेकाले त्यो मुलुककै लागि घातक सावित हुन सक्छ । सावधान नेपाली जनता ।

## सरकारले...

खपत गर्ने ग्राहक १७ लाख ७५ हजार छन् भने १ सय देखि २ सय युनिटसम्म खपत गर्ने १० लाख ८९ हजार ग्राहक रहेका छन् । २ सय ५० भन्दा बढी खपत गर्ने ग्राहकको संख्या ४ लाख ४२ हजारमात्र रहेका छन् ।

माथि उल्लेखित तथ्याँक धराशयी ग्राहकको मात्र रहेका र यसमा सामुदायिक औद्योकि लगायत ग्राहकको संख्या नसमेटिएको प्राधिकराको भनाई रहेको छ । तर अर्थमन्त्री स्वर्णीम वाग्ले भने विजुलीमा लागेको ५ प्रतिशत करको भार आम नागरिकलाई अन्त्यन्त कम पर्ने तर यसले देशको उर्जा पूर्वाधार निर्माणका लागि आवश्यक स्रोत जुटाउन सघाउने दाबी गरिरहेका छन् । मन्त्री वाग्लेले १४ लाख ग्राहकलाई मात्र नयाँ व्यवस्था अनुसार भ्याट लाग्ने दाबी गरेका भएपनि तथ्याँकले माथि वाग्लेको भनाईलाई पुष्टि गर्न सक्दैन/हुँदैन ।

नेपाली जनता बढ्दो महंगीका मारमा परिरहेको बेला विद्युतमा भ्याट लगाएर गरिब र न्यून आय भएका घर परिवारलाई जान्नेलाई छान्ने भन्ने रास्वपा नेतृत्वको बालेन सरकारले गरिब जनतालाई करमाथि कर थोपारेर अर्को पिडा थपिदिएको छ । सरकारले १४ लाखले मात्र ५ प्रतिशत विद्युत भ्याट तिनुपर्दछ भनेको भएपनि वास्तविकमा २६ लाख भन्दा बढी ग्राहकले ५ प्रतिशत भ्याट तिनुपर्ने तथ्याँकले देखाएको छ । अब यहानिर प्रश्न उठ्न सक्छ किन अर्थमन्त्रीले जनताको समस्या समाधान गर्ने थलो सार्वभौमसत्ता सम्पन्न संसदमा त्यस्तो झुठ बोले ? यसको जवाफ अर्थमन्त्रीले संसदमा दिनुपर्दछ । ५० युनिट भन्दा बढी खपतमा भ्याट लगाउँदा जनतालाई आर्थिक भार मात्र पर्ने नभई खपत समेत घट्न सक्ने सम्भावना रहेको छ ।

महंगो मूल्यमा ग्यास आयात गरेर जनतालाई बेच्नुभन्दा आफ्नै देशमा उत्पादित भएको विद्युत प्रयोग गर्न र विद्युतीय समान प्रयोग गर्न जनतालाई प्रोत्साहन गरी विद्युत खपतमा सहयोग गर्नुको बदला बालेन सरकारले उल्टो विद्युत खपत्मा ५० युनिट भन्दा बढीमा कर लगाउनुले प्रष्ट हुन्छ बालेन सरकार आयातमै रमाउन चाहान्छ भनेर । यस कारणले गर्दा ५० युनिट भन्दा बढीमा ५ प्रतिशत भ्याट कर लगाउने व्यवस्था तत्काल खारेज गरी जनतालाई राहत दिनु आवश्यक रहेको छ ।

## बहुमतको...

महत्वपूर्ण प्रश्नको जवाफ नदिनु भनेको संसदीय व्यवस्थाकै उल्लंघन हो ।

विगतमा समेत संसदमा उठेका विवादका विषयमा सभामुखले सहजीकरण गर्ने गरेका थिए । सभामुखको सहजीकरणमा संसदको जस्तोसुकै गतिरोध पनि अन्त्य भएको इतिहास साक्षीरहेकोले गर्दा अहिले पनि सभामुख नै अग्रसर हुनुपर्नेमा उल्टो विपक्षी सांसदलाई कारबाही गर्ने उद्घोष गर्नु आफैँमा हास्यास्पद रहेको छ । विपक्षीहरूले पनि संसदीय गतिविधिमा प्रस्तुत हुँदा आफ्नो मर्यादा भुल्नु हुँदैन । संसद अवरोध भएको अवस्थामा सभामुखले पेलेर अघि बढ्ने प्रयास गर्नु किमार्थ उचित हुन सक्दैन ।

संसदमा विरोध प्रदर्शन गर्दा विपक्षी सांसदहरु पनि अमर्यादित हुनु हुँदैन । संसदमा सत्ताको छायाँमा परेमा सभामुखले तटस्थ भूमिका निर्वाह गर्न नसक्ने भएकाले गर्दा सभामुख निष्पक्ष भएर आफ्नो भूमिका निभाउन सक्नुपर्दछ । तर अहिले त्यस्तो अवस्था देखिएको छैन । विपक्षी सांसदहरूले प्रधानमन्त्रीलाई संसदमा उठेका प्रश्नको जवाफ दिन आग्रह गरे, सभामुखलाई समेत आग्रह गर्ने तर सभामुखले आफूले प्रधानमन्त्रीलाई सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने रूलिङ गर्न सक्ने अधिकार आफूलाई नभएको लंगडो तर्क पेश गरेका थिए ।

विगतका सभामुखहरूले प्रधानमन्त्रीलाई सांसदहरूले उठाएका प्रश्नको जवाफ दिन प्रधानमन्त्रीलाई रूलिङ गरेका धेरै उदाहरणहरु रहेका छन् । केपी ओली प्रधानमन्त्री रहेका बेला एमालेबाट सभामुख बनेका सभामुखले समेत प्रधानमन्त्रीलाई सांसदले उठाएका प्रश्नको जवाफ दिन रूलिङ गरेको इतिहास साक्षी रहेको छ । जान्नेलाई छान्ने भन्ने रास्वपाले विगतका प्रधानमन्त्रीले संसदमा उठेको प्रश्नको जवाफ दिनुपर्दछ भन्दै संसदमा नै विरोध प्रदर्शन गरेको थियो ।

अहिले रास्वपा नेतृत्वको बालेन सरकार रहेको छ । संसदमा रास्वपाको झण्डै दुई तिहाई मत रहेकोले गर्दा विगतमा आफैँले उठाउन गरेको विषय त्यसमा पनि त्यसबेला रास्वपाका उपनेता रहेका डोल प्रसाद अर्याल सभामुख रहेकाले उनले किन आफ्नो पार्टीको विगतको अभ्यासलाई उल्लंघन गर्दै विपक्षीलाई पेल्ने रणनीति लिएका छन् त्यो नै रहस्यको विषय बनेको छ ।

## प्रधानमन्त्रीको...

अभिलेखबाट हटाउन सभामुखसँग माग समेत गरेका छन तर सभामुख समेत रास्वपाकै नेता रहेकाले उनले अभिलेखबाट उक्त अभिव्यक्ति हटाउने, नहटाउने केही बोलेका छैनन् भने कुटनीतिज्ञ तथा सिमा मामिलाका विज्ञहरूले प्रधानमन्त्री साहले संसदमा बोलेजस्तो नेपालले भारतीय भूमि नमिचेको बताएका छन् । प्रधानमनत्री साहले उक्त अभिव्यक्ति दिएकै दिन भारतका एक सुरक्षा विज्ञ एसडीमुनीले प्रधानमन्त्री साहलाई बधाई दिएका हुनाले प्रधानमन्त्री साहको उक्त भनाईप्रति विपक्षी दल र राजनीतिज्ञहरूले कटु आलोचना गर्दै प्रधानमन्त्रीले सत्यतथ्य कुरा बाहिर ल्याउनुपर्ने बताएका छन् ।

कालापानी, लिपुलेक र लिम्पियाधुरालाई भारतले आफ्नो भूमि भन्दै दाबी गर्दै आएको छ भने तत्कालिन प्रधानमन्त्री केपी ओलीले कालापानी, लिम्पियाधुरा र लिपुलेक नेपालको रहेको भन्दै नेपालको चुच्चे नक्सा नै प्रकाशित गरेर विश्वसामू प्रष्ट पारेका थिए भने नेपाली नोटमा र डलरमा समेत नेपालको चुच्चे नक्सा राखेर नोट प्रकाशित भई सकेको र तत्कालिन सांसदले एकस्वरमै ती क्षेत्र नेपालको भएको विधेयक नै पारित गरिसकेको छ ।

अघिल्लो सरकारले गरेका निर्णयहरूलाई स्वीकार गरेर अघि बढ्नुपर्नेमा प्रधानमन्त्री बालेन साहले नेपाली जनताको अपमान गर्दै नेपालले भारतीय भूमि मिचेको छ भने गलत अभिव्यक्ति दिएका हुनाले उनले नैतिकता भए राजीनामा दिनुर्पछ आफ्नै भूमिलाई भारतीय भूमि भन्ने व्यक्ति नेपाली हुन सक्दैनन् । दशगजामा दुवै देशमा व्यक्तिले खेती किसानी गरेको हुन सक्छ त्यसलाई भूमि मिचेको भन्न सकिँदैन ।

## सभामुखको...

पेश गर्न लागेको प्रस्ताव रोक्न मर्यादापालकको काँधमाथि जम्प गरेर रोष्ट्रममा जान खोज्ने विपक्षी सांसदहरूले नारा लगाईरहेका थिए । संसदीय सर्वोच्चता कायम गर यस्तो सभामुख चाहिँदैन भन्दै । फागुन २१ गते निर्वाचनपछि गठन भएको प्रतिनिधिसभामा विपक्षीहरूले पहिला पनि नाराबाजी गरेका थिए तर संसदभित्र यस्तो दृष्य देखिएको थिएन । आइतबार राति प्रतिनिधिसभामा जस्तो दृष्य देखियो यसले गर्दा नेपालको संसदीय लोकतन्त्र कतै दुर्घाटनान्मुख त हुँदै छैन भन्ने प्रश्न समेत उब्जिएको छ ।

आइतबार राति प्रतिनिधिसभामा सभामुख आशनको टेबल फाल्नुपर्ने गरी सरकारको कुनै विधेयक पारित हुन लागेको थिएन । सरकारी विधेयक रोक्नका लागि विरोध भएको थिएन । प्रतिनिधिसभाले आफ्नो कामकाजलाई सहज रूपमा र व्यवस्थित रूपमा अघि बढाउने नियमावली पारित गर्न दिन संसदमा अस्वाभाविक, अमर्यादित भद्दा दृष्य देखियो ।

१७ गते आइतबार प्रतिनिधिसभामा देखिएको अस्वाभाविक परिदृष्यका कारण सभामुख डोल प्रसाद अर्याल नै हुन् । त्यसो भन्दैमा सो दिनको हर्कतका लागि कांग्रेस-एमाले, नेकपा र अन्य दलका सांसद समेत दोषमुक्त भने छैनन् । दलीय भूमिकाबाट राजिनामा दिएका भएपनि सभामुख अर्याल आफू संस्थापक भएको दल रास्वपाप्रति लोयल रहेको प्रष्ट रूपमै देखिएको छ । निष्पक्ष भूमिकामा रहनुपर्ने सभामुख नै सत्ताको

पक्षमा लागेपछि लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको ध्वज्जी त उड्ने नै भयो । सभामुखले प्रत्यक्ष रूपमा देखनि गरी कुनै पक्षमा लाग्नु हुँदैन तर सभामुख लागि पर्नु भएको छ ।

संसदमा असामान्य स्थिति बन्दा सभामुखले बैठक स्थगित गरेर अर्को दिन बैठक राख्न सक्छन् । यो विषय सभामुखको स्वविवेकको कुरा हो तर उनले जेष्ठ १७ गते दुई तिहाईको निगाह लिनुपर्ने अवस्था थिएन । विश्वमा उदार लोकतन्त्रमा १ जना सांसदले पनि उभिएर विरोध जनाएको खण्डमा ससदको काम कारबाही अघि बढ्न सक्दैन । तर अर्यालको कार्याकालमा सबै विपक्षी दल वेलमा उभिएर नाराबाजी गर्दा पनि संसद चलाएर भट्टाभट्टी विधेयक पारित भएको घोषणा गर्नु लोकतान्त्रिक व्यवस्थाकै खिल्ली उडाउँदै विपक्षी दलहरूलाई पेलेर अघि बढ्ने सभामुख अर्यालको व्यवहारले लोकतन्त्र नै संकटमा पर्न सक्छ ।

## सम्पति...

वाशिङ्टनले भने आणविक कार्यक्रम र होर्मुज जलमार्ग सम्बन्धी महत्वपूर्ण प्रगतिबिना कुनै आर्थिक सहुलियत नदिने स्पष्ट पारेको छ ।

यद्यपि, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानसँगको वार्ता सकारात्मक दिशामा अघि बढिरहेको दाबी गरेका छन् । ह्वाइट हाउसमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले सम्झौता हुने वा नहुनेबारे निश्चितता नभए पनि निकट भविष्यमा सहमति सम्भव रहेको बताए ।

ट्रम्पले इरानको समृद्ध युरेनियम भण्डारलाई अमेरिकाले आ^नो नियन्त्रणमा लिन चाहेको पनि दोहोऱ्याए । उनका अनुसार उक्त सामग्री सुरक्षित रूपमा व्यवस्थापन गर्न सक्ने क्षमता अमेरिका र चीनसँग मात्र छ ।

क्षेत्रीय सुरक्षा अवस्था भने थप तनावपूर्ण बनेको छ । कुवेत अन्तर्राष्ट्रिय विमानस्थलमा भएको घातक आक्रमणमा एक जनाको मृत्यु भएको छ भने ६३ जना घाइते भएका छन् । अप्रिल ८ मा लागू भएको युद्धविरामपछि खाडी क्षेत्रमा भएको यो पहिलो घातक घटना हो ।

यद्यपि इरानको इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आईआरजीसी) ले आक्रमणमा आ^नो संलग्नता अस्वीकार गरेको छ । आईआरजीसीले अमेरिकी निर्मित प्याट्रियट हवाई प्रतिरक्षा प्रणालीमा आएको खराबीका कारण क्षति भएको दाबी गरेको छ ।

अमेरिकी सेनाको सेन्ट्रल कमाण्ड (सेन्टकम)ले भने इरानबाट प्रहार गरिएका मिसाइल र ड्रोन आक्रमण असफल बनाइएको जनाएको छ । सेन्टकमका अनुसार कुवेततर्फ प्रहार गरिएका दुई मिसाइल लक्ष्यसम्म पुग्नुअघि नै निष्क्रिय भएका थिए भने बहराइनतर्फ लक्षित तीन मिसाइल अमेरिकी र बहराइनी सुरक्षाबलले अवरोध गरेका थिए ।

यसैबीच क्षेत्रीय तनावका बाबजुद अर्को कूटनीतिक मोर्चामा सकारात्मक प्रगति भएको छ । अमेरिकी मध्यस्थतामा भएको पछिल्लो वार्तापछि इजरायल र लेबनान युद्धविराम कार्यान्वयनमा सहमत भएका छन् ।

संयुक्त वक्तव्य अनुसार युद्धविराम पूर्ण रूपमा कार्यान्वयन हुन हिजबुल्लाहले सबै आक्रमण बन्द गर्नुपर्ने तथा दक्षिणी लेबनानबाट आ^ना सबै लडाकु हटाउनुपर्ने सर्त राखिएको छ । यो सहमति लेबनानमा सम्भावित सैन्य कारबाहीबारे इजरायलले दिएको चेतावनीपछि आएको हो ।

इरान-अमेरिका वार्ता, खाडी क्षेत्रमा बढ्दो सुरक्षा चुनौती र इजरायल-लेबनानबीचको युद्धविराम प्रयासले मध्यपूर्वको राजनीतिक तथा सुरक्षा अवस्थालाई थप संवेदनशील बनाएको विश्लेषण गरिएको छ ।


**बालबालिकाको खानपान र स्वास्थ्यमा ध्यान दिऔं।**

- सन्तुलित र पौष्टिक आहार नियमित खुवाऔं,
- जंकफुड तथा अत्यधिक चिनी, नुन र तेलयुक्त खानेकुरा घटाऔं,
- नियमित खोप लगाऔं, स्वास्थ्य जाँच समयमै गराऔं,
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं,
- हातधुन र सरसफाइ गर्न सिकाऔं,
- पर्याप्त निद्रा र दैनिक खेलकुद/व्यायाममा प्रोत्साहन गरौं,
- मोबाइल/स्क्रिन समय सीमित गरौं,
- मानसिक स्वास्थ्य र सकारात्मक व्यवहारमा ध्यान दिऔं ।

*स्वस्थ बालबालिका, उज्ज्वल भविष्यको आधार ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार